जलवायु परिवर्तनको असर नेपालका महिलामा बढी: डा राणा | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ११७ • २०८० साल भाद्र २८ गते बिहीबार (14 September, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# ट्रैक्टरमा अनुदानको लोभ देखाएर भारी ठगी
## धनुषा, महोत्तरी र सिरहा मुख्य टार्गेट

टुडे समाचारदाता

जनकपुरधाम । किसानका लागि अमेरिका स्थित एउटा संस्थाले ट्रैक्टर खरिदमा अनुदान दिने भन्दै केही व्यक्तिहरुले किसानहरुसित अग्रिम रुपैयाँ उठाउन थालेका छन् ।

एन्टा एशोसिएशन अफ नेपालको माध्यमबाट तराई इन अमेरिका नामको संस्थाले ट्रैक्टर खरिदका लागि किसानलाई ४० प्रतिशत अनुदान दिने बताउँदै रकम असुली गरिरहेको छ ।

किसानले ६० प्रतिशत लगानी गर्नुपर्ने र ४० प्रतिशत अनुदान संस्थाले दिने भन्दै किसानहरुलाई प्रलोभनमा पारेर रकम असुली गरिरहेको पाइएको छ ।

मिथिला नगरपालिका वडा नम्बर ५ ढल्केवर घर भएका बद्री नारायण महतोले धनुषामा ३०, महोत्तरीमा ५० र सिरहा जिल्लामा ८० वटा ट्रैक्टरको कोटा आएको बताएका छन् ।

हुन त उनी आफू पनि ट्रैक्टर लिनका लागि नै उनीहरुको सम्पर्कमा आएको बताए । तर उनी पनि एन्टामा आबद्ध रहेको उनको गतिविधिले देखिन्छ ।



महोत्तरी जिल्लाको सामुदायिक वन कार्यालयमा कार्यरत्त रहेकी अञ्जु चौधरी एन्टाको कार्यकर्ता रहेको महतोले बताए । 'म आफ्ना एकजना गाउँले साथीको सम्पर्कबाट एन्टाका मानिसहरुको सम्पर्कमा गएको थिए' उनले भने, एन्टामा मेरो संलग्नता कतै छैन् ।

यिनीहरुले विभिन्न ट्रैक्टर कम्पनीको शो रुममा सम्पर्क गरी किसानहरुले सोधखोज गरे ट्रैक्टर आइरहेको बताइ दिन आग्रह गरिरहेका छन् । तर शो रुमका सञ्चालकहरुले उनीहरुको प्रलोभन अस्वीकार गरेपछि ट्रैक्टर सहितको ट्रक भारतको बनारसमा रोकिएको बताउन थालेका छन् ।

हाल जनकपुरधामको बजारमा ट्रैक्टरको मूल्य साढे १२ लाखदेखि सुरु भएर १६ लाखसम्म पर्ने गरेको छ । किसानहरुबाट एडभान्स भन्दै एन्टाका सदस्यहरुले १ लाखदेखि माथि रकम उठाउन थालेको पाइएको छ ।

महतोले पञ्जाबबाट सोनालिका ट्रैक्टर बोकेको ट्रक बनारसमा रोकिएको र चाँडै नेपाल आउने बताउने गरेका छन् । उनले किसानलाई दिने ट्रैक्टर सोनालिका रहेको बताए ।

सोनालिका ट्रैक्टर जनकपुरधामका डिलर एस इन्टरनेशनलका सञ्चालक सन्दिप अग्रवालले कुनै प्रकारको अनुदानका लागि सोनालिका ट्रैक्टर बुकिंग नभएको बताए । 'सोनालिका ट्रैक्टरको पञ्जाबस्थित कार्यालयले समेत नेपालमा अनुदान उपलब्ध रहेको ट्रैक्टर नपठाएको बताएको छ ' अग्रवालले भने, सोनालिका ट्रैक्टर पञ्जावबाट गोपालगञ्ज हुँदै नेपालमा आउने गरेको छ ।

किसानहरुसित ठगी भइरहेको हुनसक्ने बताउँदै उनले भने, म कहाँ एकजना महतो आएर तपाईलाई कसैले फोन गरे अनुदानको ट्रैक्टर आइरहेको भनिदिन आग्रह गरेका थिए । तर मैले अस्वीकार गर्दै हाम्रो कम्पनीमा त्यस्तो कुनै अनुदान नआएको र भ्रुठो बोलेर किसानलाई फसाउने काम समेत गर्न नसकिने जवाफ दिएको उनले बताए ।

विगतमा मधेश प्रदेश सरकारले ट्रैक्टरमा अनुदान दिएर किसानलाई वितरण गरेको थियो । त्यसमा पनि व्यापक अनियमितता भएको थियो । कमिसनको आधारमा किसानहरुलाई अनुदानको ट्रैक्टर वितरण गर्ने आरोप तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीमाथि लागेको थियो ।

किसानहरुले फेरि अनुदानमा ट्रैक्टर उपलब्ध हुने प्रलोभनमा परेर ठगिन लागेको बताइन्छ । सामुदायिक वन कार्यालय महोत्तरीको माध्यमबाट ट्रैक्टर वितरण हुने भनिएको महतोले बताए । उनका अनुसार एन्टा एशोसिएशन अफ नेपाल मार्फत अमेरिकाबाट अनुदान आएको हो ।

यस सम्बन्धमा सरकारी निकायहरु भने अनभिज्ञ रहेका छन् । स्थानीय निकायहरुले पनि अनुदानमा ट्रैक्टर बितरण हुने विषयमा अनभिज्ञता प्रकट गरेका छन् ।

## प्राथमिक शिक्षक स्नातक हुनुपर्ने

टुडे समाचारदाता

काठमाण्डु । शिक्षा तथा समाजकल्याण मन्त्रालयले प्रतिनिधि सभामा बुधवार दर्ता गरेको विधेयकमा सरकारी विद्यालय स्तरमा कक्षा १ देखि ५ सम्म प्राथमिक तहको शिक्षक हुनका लागि स्नातक तह उत्तीर्ण हुनुपर्ने न्यूनतम योग्यताको प्रस्ताव गरेको छ ।

संसदमा दर्ता गरिएको ' विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा शिक्षक पदमा नियुक्तिका लागि कक्षा १ देखि ५ सम्म जुनसुकै विषयमा स्नातक तह उत्तीर्ण हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

यस्तै कक्षा ६ देखि ८ कक्षा सम्म पढाउनका लागि सम्बन्धित विषयमा स्नातक तह र माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने, अध्यापन अनुमतिपत्र प्राप्त गरेको र एक्काइस वर्ष उमेर पूरा भइ पैंतिस वर्ष पूरा नभएको व्यक्ति हुनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

विधेयकमा भनिएको छ-' शिक्षकको योग्यता शैक्षिक गुणस्तरसँग जोडिएको र सक्षम शिक्षक आवश्यक भएकोले न्यूनतम स्नातक योग्यता भएको व्यक्ति शिक्षक हुने व्यवस्था गरिएको छ ।

सरकारी विद्यालयमा शिक्षा निःशुल्क र निजी विद्यालयको शुल्क निर्धारण स्थानीय निकायले गर्ने व्यवस्था विधेयकमा उल्लेख गरेको छ । निजी विद्यालयहरुलाई शिक्षा गुठीमा जान सञ्चालकले नै निर्णय गर्ने छुट दिएको छ ।

मेडिकल ल्याब टेक्नोलोजी (CMLT)
भर्ना खुल्यो
प्रकाशन मिति : २०८०/०५/२८



प्रा.शि. तथा व्या. ता. परिषद्बाट सम्बन्धन प्राप्त यस संस्थामा शैक्षिक सत्र २०८०/०८१ मा भर्नाका लागि मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रममा उत्तीर्ण भई मुख्य सुचि र वैकल्पिक सुचिमा रहेका परीक्षार्थीहरु भर्नाका लागि तोकिएको म्याद भित्र भर्ना हुन नआई निम्न बमोजिमको सिट रिक्त रहेको हुँदा सि.टि.ई. भि.टि. बाट सम्बन्धन प्राप्त ३ वर्षे स्वास्थ्य कार्यक्रम संचालन भएका अन्य शैक्षिक संस्था तथा सि.टि.ई.भि. टि.द्वारा संचालित वर्गिकृत छात्रवृतिको प्रवेश परिक्षामा उत्तिर्ण भएका वैकल्पिक सुचिमा रहेका देशैभरिका विद्यार्थीहरुले नामाङ्कनका लागि यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रितपुर्वकको निवेदन दिनु हुन अनुरोध छ । साथै उत्तिर्ण सुचीमा रहेका परीक्षार्थीहरुबाट डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन छात्रवृति वितरण तथा भर्ना सुचीमा निर्देशिका, २०८० को दफा २४ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

रिक्त सिट संख्या

| सि.नं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १. | मेडिकल ल्याब टेक्नोलोजी | पूर्ण शुल्किय खुल्ला कोटा | ८ |

विस्तृत जानकारीका लागि इन्स्टिच्युटमा सम्पर्क गर्नुहोला ।
मोडेल मेडिकल इन्स्टिच्युट
जनकपुरधाम

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।

लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश, नेपाल

YAMAHA RACING

YAMAHA JANAKPUR CORDIALLY INVITES YOU TO THE UNVEILING OF
FZ-S FI DLX VERSION 3.0
lord of the streets




DATE
BHADRA 28, 2080
TIME
1:00 PM
VENUE
JANAKI AUTO CENTER
JANAKPUR
RSVP
9801669207

# भरतपुर भ्रमण वर्षमा दियालो बङ्गला खुल्ला गर्न आग्रह

चितवन । ऐतिहासिक महत्वको यहाँको दियालो बङ्गला क्षेत्र भरतपुर भ्रमण वर्षमा खुल्ला गर्न आग्रह गरिएको छ । भरतपुर महानगरपालिकाले सन् २०२४ लाई भरतपुर भ्रमण वर्षका रूपमा मनाउने र सोही अवसरमा विसं २०२६ मा राजाका लागि निर्माण गरिएको बङ्गाला सर्वसाधरणका



लागि खुला गर्न आग्रह गरिएको महानगरपालिकाले जनाएको छ।

महानगरपालिकाले नेपाल ट्रष्टको कार्यालयलाई पत्र लेखी भरतपुर भ्रमण वर्षको अवसरमा यहाँ आउने पर्यटकका लागि खुल्ला गरिदिन आग्रह गरेको हो । महानगर प्रमुख रेनु दाहालले ट्रष्टको कार्यालयलाई पत्राचार गरिएको बताउँदै मौखिकरूपमा भएका कुराकानी सकारात्मक रहेको बताउनुभयो । ट्रष्टसँग यस विषयमा कुराकानी भइरहेको उहाँले बताउनुभयो । नेपालट्रष्टकोकार्यालयप्रधानमन्त्री कार्यालयअन्तर्गत पर्दछ।

प्रमुख दाहालले ट्रष्ट स्वयम् वा सञ्चालनको जिम्मा महानगरपालिकालाई दिएर जुन विधिबाट सञ्चालन गर्दा पनि हुने बताउनुभयो । उहाँले भन्नुभयो, "भ्रमण वर्षमा दियालो बङ्गलाभित्रको दरबार क्षेत्र पर्यटकका लागि खुल्ला हुनेमा म विश्वस्त छु।"

स्वदेशी र विदेशी पर्यटक भित्र्याउने गरी महानगरले विभिन्न गतिविधि अघि बढाएको छ । नेपाल ट्रष्टको कार्यालयका सहसचिव एबं प्रवक्ता दीपकराज नेपालले महानगरको पत्र प्राप्त भएसँगै छलफल अघि वढेको बताउनुभयो । दरबार निकै पुरानो भएकाले एकैसाथ धेरै मानिस प्रबेश गर्दा जोखिमको अवस्था अध्ययन गरेर खुल्ला गर्न ट्रष्टको कार्यालय सकारात्मक रहेको उहाँको भनाइ छ । कार्यालयले चालु आर्थिक वर्षमा दरबारलाई 'रेट्रोफिटिङ'का लागि बजेटसमेत बिनियोजन गरिसकेको छ।

नेपाली सेनाको विपद् व्यवस्थापन गण रसौलीको गुल्मले दरबार क्षेत्रलाई सुरक्षा दिएको छ। दियालो बङ्गला क्षेत्र देवघाट प्रवेशद्वारमा छ । ऐतिहासिकरूपले निकै महत्वपूर्ण मानिएको दरबार यतिबेला प्रयोगविहीन भएकाले ओझेलमा छ।

विसं २०२६ मा निर्माण भएको सो बङ्गला राजा र राजपरिवारका सदस्यले काठमाडौँको कोलाहाल छल्न आउने मुख्य गन्तव्यमध्येमा थियो। विसं २०४६ देखि कार्यालय सहयोगीका रूपमा काम गर्दै आउनुभएका देवीबहादुर कार्की राजपरिवारको रमाउने ठाउँ दियालो बङ्गला भएको बताउनुभयो।

तत्कालीन समयमा राजा आइरहने भएकाले दियालो बङ्गला झकिझकाउ हुने गर्थ्यो । राजा आएको बेला एक महिना बराबरको तलब बक्सिस हुने भएकाले पनि कर्मचारी फुरुङ्ग हुने गर्दथे । राजा महेन्द्रको निधन पनि यही दरबारमा भएको र पवित्र तीर्थस्थल देवघाटको मुख्य प्रवेशद्वार भएकाले दरबारको महत्व धेरै छ।

पूर्वराजपरिवारको सम्पत्तिको संरक्षण हाल नेपाल ट्रष्टले गरिरहेको छ । कार्कीका अनुसार हाल पाँचजना कार्यालय सहयोगीले बंगलाको रेखदेख गरिरहेका छन् । दरबारभित्र पहिलो तलामा ठूलो बैठक कक्ष छ । जसको भित्तामा राजाहरू महेन्द्र र वीरेन्द्रको तस्बिर देख्न सकिन्छ । भ्याङमा २०२६ सालमा राजा महेन्द्रले सिकार गरी मारेको घडियाल गोही सजाएर राखिएको छ । भित्तामा बाघको टाउको राखिएको छ।

दरबारमा पाँचवटा खोपी (बेडरुम) छन् । कार्कीका अनुसार १ नम्बरको खोपी मुमा रत्नराज्यको हो भने २ नम्बरको राजा र ३ नम्बरको रानी तथा ४ र ५ नम्बरको खोपी राजपरिवारका अन्य सदस्यका हुन् । सबै खोपीमा भित्रै शौचालय पनि छ । राजपरिवारले प्रयोग गरेका सामग्री अहिले पनि जस्ताको त्यस्तै राखिएको छ । दरबारको छेउमा दरबारका महिला सुसारेका लागि 'नानीगञ्ज' छ भने सँगै राजाको सुरक्षा गार्डका लागि एडिसी क्वार्टर पनि छ । साथै सो क्षेत्रमा ग्यारेज र त्यसको छेउमा स्वीमिङ पुल पनि छ।

ऐतिहासिक सुन्दर ठाउँ भएर पनि यो सर्वसाधारणको पहुँचभन्दा बाहिर छ । कूल ५७ बिघा १३ कट्ठा सात धुरमा क्षेत्रफलमा फैलिएको यो ठाउँ शान्त र रमणीय पनि छ । बङ्गलाको पश्चिमतर्फ नारायणी नदीले पनि दरबारक्षेत्रको सौन्दर्य बढाएको छ । दरबार परिसरमा रहेको बगैँचा अहिले पनि जस्ताको जस्तै छ ।रासस

# तीजको मौलिकता हराएकामा चिन्ता

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को गैँडाकोट नगरपालिका-१४ का ६६ वर्षीया तेजीकला पाध्याय तीजको समयमा गाइने नारी वेदनाका गीत अझै पनि गुनगुनाउनुहुन्छ । पहिले पहिले दिदीबहिनी माइतिघरको पिँढीमा जम्मा भएर गाउने गीत उहाँको मनसपटलमा अझै ताजै छन् । हिजोआज यस्ता गीत गाउन साथी भेट्नै मुस्किल परेको पाध्यायले सुनाउनुभयो ।

उहाँ भन्नुहुन्छ, "अहिले वेदनाका गीत गाउन खोजे पनि साथी भेटिदैनन्, सबै पार्टी प्यालेस र होटल जान्छन्, कसलाई वास्ता छैन यस्ता गीतको, मलाई त यो संस्कार नै हराउने हो की भन्ने पीर लाग्छ ।" तीज नजिकिँदै गर्दा पहिलेपहिले गाउँघर, चौतारामा महिला दिदीबहिनी दुःखसुखका गीत गाउँदै रमाउने गरेको उहाँ सम्झिनुहुन्छ।

आधुनिकतासँगै यो संस्कार पनि हराउन थालेको छ । त्यसका कारण आजभोलिको तीज खल्लो लाग्ने गरेको गैँडाकोटकी रीता कँडेलले बताउनुभयो । साँझ परेपछि पालैपालो छिमेकीको घरमा जम्मा भएर गीत गाउने गरेको सम्झना कँडेललाई अस्ति भर्खर जस्तै लाग्छ। हिजोआज यस्तो रमाइलो नपाउने गरेको उहाँको भनाइ छ।

"गीतलाई आधुनिकताले छपक्कै छोपेको छ, देखासेकी बढेको छ, तीज दुःख बिर्साउने होइन खर्च बढाउने चाँड जस्तै बनेको छ, जो मलाई राम्रो लागेको छैन्", उहाँले भन्नुभयो । 'स्पिकर'मा बज्ने



गीतले रमाइलो गराए पनि आनन्द भने दिँदैन भन्नुहुन्छ अर्का स्थानीय सरिता घिमिरे । विगतका दिनमा गाउँघरमा सबै महिला दिदीबहिनी एकै ठाउँमा जम्मा भई दुःखसुखका गीत गाएर, नाचेर वर्षभरिका पीडा भुल्ने गरेको अनुभव उहाँसँग छ तर पछिल्लो समय यसमा आएको परिर्वतन उहाँलाई राम्रो लागेको छैन् ।

"पहिलेका गीतमा नारी वेदना हुन्थ्यो, खाना सादा हुन्थ्यो, स्वस्थ हुन्थ्यो, रमाइलो र आनन्द त्यसमा पो थियो", उहाँले भन्नुभयो, "अहिलेको तडकभडकमा के नै रमाइलो छ र, मात्र देखावटीपन छ, पहिले खानामा गुन्द्रुक, तामाको तरकारी हुन्थ्यो, अहिले त्यो स्वाद कहाँ हरायो ।"

तीज नेपाली नारीको महान् चाँड हो । यसको अर्को विषेशता नारी वेदना समेटेर गाइने गीत हो। पहिले पहिले तीज आएँसगै गाउँघरका दिदी बहिनी एकै ठाउँमा बसेर दुःख र वेदनाका गीत गाउँथे । पछिल्लो समय यस्तो चलन कम हुँदै गएको छ ।

उहाँ भन्नुहुन्छ, "एक दशकअघि प्रत्येक घरका पिँढीमा दिदीबहिनी भेला हुन्थे, सुखदुःखका गीत गाउँथे, रमाइलो गर्थे, गाउँघरमा रमाइलो छाउँथ्यो, पीडा र वेदनका गीत पनि गाउँथे, समाजका विकृति र विसङ्गति पनि गीत मार्फत गाउँथे, पर्व एउटा सकारात्मक परिवर्तनका लागि आवाज उठाउने जस्तो थियो, पिँढीमा हुने रमाइलो अहिले पार्टी प्यालेसमा सरेको छ, दुःखसुखका गीतबाट दिदीबहिनी हिन्दी गीतमा पुगिसकेका छन् ।" यो सांस्कृतिक विरासतको ओरालो यात्रा भएको कतिपयको धारणा छ। नेपाली महिलाहरूले तीजलाई पवित्र पर्वका रूपमा मनाउँदै आए पनि पछिल्लो समय तीज मनाउने शैलीमा तडकभडक र विकृति बढ्दै गएको महिलाहरूले नै गुनासो गरेका छन् । तीजमा गाइने गीत र मनाउने शैलीमा आएको तडकभडकका कारण तिजको मौलिकता हराउँदै गएको छ । तीज आउनुभन्दा एक महिना अगाडिबाटै दर खाने प्रचलन बढेको छ । कुनै समय एउटा घरमा जम्मा भएर दर खाने दिदीबहिनी आज भोलि होटल र पार्टी प्यालेसमा भेटिने गरेका कँडेल बताउनुहुन्छ । उहाँका अनुसार वेदनाका गीतमा नाच्ने महिला अहिले बजारमा आएका रत्यौली गीतमा रमाउँछन् ।

दिन प्रतिदिन परम्परागत संस्कृति र संस्कार अनुसारको नेपाली मौलिकपन हराउँदै गएकामा नयाँ पिँढीका महिला पनि चिन्तित छन् । तर तिजको समयमा यसको मौलिकता बचाउन विभिन्न सङ्घसंस्थाले राख्ने प्रतियोगिताले भने यसको संरक्षणमा थोरै भए पनि टेवा पुऱ्याएको गैँडाकोटकी सरिता सापकोटाको भनाइ छ। "प्रतियोगिता नै सही यसरी विभिन्न सङ्घसंस्थाले राखेको कार्यक्रमले हराउन लागेको संस्कारलाई बचाउने काम गरेको छ", उहाँले भन्नुभयो । महिला दिदीबहिनीले आफ्नै वेशभूषामा सजिएर तीज पर्व मनाउन सके संस्कृतिको संरक्षण हुने अग्रजहरूको सुझाव छ। रासस

# हेटौँडा औद्योगिक क्षेत्रका उद्योगद्वारा उत्पादनमा कटौती

बागमती । हेटौँडा औद्योगिक क्षेत्रमा रहेका उद्योगहरूले कूल क्षमताको ४० प्रतिशत मात्र उत्पादन गरेका छन् । आर्थिकमन्दीको कारणले उद्योगको उत्पादनमा कटौती गरिएको हो।

हेटौँडा वडा नं ८ मा रहेको सो औद्योगिक क्षेत्रमा एक सय १५ वटा विभिन्न प्रकृतिका उत्पादनमूलक उद्योग सञ्चालनमा रहेको छन् । ती उद्योगमध्ये अधिकांश उद्योगको अवस्था कमजोर एवं नाजुक रहेको बताइएको छ।

हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अनुसार उक्त औद्योगिक क्षेत्रमा तीन सिफ्टमा सञ्चालन हुने उद्योग अहिले एक सिफ्टमा सञ्चालन भइरहेका छन् । साथै कतिपय उद्योग कहिले चल्ने र कहिले बन्द हुने अवस्थामा छन् । त्यहाँ सञ्चालित उद्योगको उत्पादन र बिक्रीसमेत घट्दै गएको छ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड हेटौँडा कार्यालयका प्रमुख भोजराज विराडीका अनुसार उद्योगको अवस्था विगत तीन वर्षदेखि दिन प्रतिदिन खस्किँदै गएको र लगानीअनुसार प्रतिफल प्राप्त नभई घाटा बढ्दै गएको छ।

उद्योगको वर्तमान अवस्थाका सम्बन्धमा उद्योगीले दिएको जानकारी तथा गुनासोका आधार आफूले उत्पादनमा कटौटी गरेको जानकारी पाएको उहाँको भनाइ रहेको छ । विगत तीन वर्ष अगाडि विश्वमै फैलिएको कोरोना महामारीका साथै विभिन्न कारणले भएको आर्थिक तथा व्यावसायिक मन्दीले




उद्योग र व्यवसायको अवस्था उठ्न नसकेको उहाँको भनाइ छ।

सो औद्योगिक क्षेत्रमा एक सय ४७ वटा सरकारी र निजीसहित एक सय ४७ औद्योगिक प्रतिष्ठान रहेको र तीमध्ये एक सय १५ वटा उद्योग सञ्चालनमा रहेका छन् भने नौ वटा उद्योग बन्द भइसकेका छन् । त्यसैगरी २३ वटा उद्योग निर्माणाधीन अवस्थामा रहेको र उद्योगमा कामदारको सङ्ख्या पाँच हजार रहेको सो कार्यालयको एक तथ्याङ्कले जनाएको छ।

औद्योगिक क्षेत्रमा निजी क्षेत्रको तर्फबाट रु पाँच अर्व ५५ करोड र सरकारी क्षेत्रबाट रु ९० करोड लगानी रहेको छ । सो उद्योगबाट औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई मासिक रु तीन करोड भाडा उठ्ने गरेको छ तर उद्योगको अवस्था नाजुक रहेकाले भाडा दिनमा समेत समस्या रहेको उद्योगको गुनासो रहेको पाइएको छ।

त्यहाँ सञ्चालनमा रहेका उद्योगबाट उत्पादित सामग्रीको लागत धेरै हुनु, उत्पादित सामग्री बिक्री नहुनु तथा आर्थिकमन्दीको कारणले उद्योगको अवस्था नाजुक भएको उद्योग वाणिज्य सङ्घ हेटौँडाका अध्यक्ष कृष्णकुमार गुप्ताको भनाइ रहेको छ।

अहिले बजारको अवस्था नाजुक छ, पसल र सटर खाली हुँदै गएको छ, उद्योगबाट उत्पादित सामान बिक्री हुँदैन र यो गम्भीर समस्या हो उहाँले भन्नुभयो । उद्योगका लागि बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न समस्या भएको र थप उद्योगमा लगानी गर्न बैंकले ऋणसमेत दिँदैन हेटौँडाका फर्निचर उद्योगी रामपुकार ठाकुरले भन्नुभयो।

अहिले देशमा उद्योगी र व्यवसायी पलायन हुने अवस्था हुँदै गएको छ र व्यापार घाटाले हरेक व्यक्ति विदेश जाने चाहनामा रहेको पाइएको प्राध्यापक डा योगेन्द्र यादवले बताउनुभयो । स्वदेशमा रोजगारीको वातावरण बनाउन उहाँको विचार रहको छ।

सो औद्योगिक क्षेत्रमा निर्माण सामग्री उद्योग पाँच, प्लाष्टिक सामग्री उद्योग २८, विद्युतीय सामग्री उद्योग तीन, खाद्यान्न तथा पेय पदार्थ उद्योग ११, फर्निचर सामग्री उद्योग छ, इन्जिनियरिङ सेवातर्फ १५, प्याकेजिङ सामग्रीतर्फ पाँच, केमिकल सामग्रीतर्फ ११, पोल्ट्री तथा दाना उद्योगतर्फ दुई, टेक्सटायल उद्योगतर्फ एक, खानीजन्य उद्योगतर्फ तीन र अन्य उद्योगतर्फ १० उद्योग रहेका छन् ।रासस

# सामाजिक र आर्थिक विकासमा अष्ट्रेलियाको सहयोगका लागि धन्यवाद

काठमाण्डु । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ र नेपालका लागि अष्ट्रेलियाली राजदूत फेलिसिटी भोल्कबीच आज शिष्टाचार भेटवार्ता भएको छ। भेटका अवसरमा उहाँहरूबीच दुई देशबीच सम्बन्ध तथा आपसी हितका विषयमा छलफल भएको थियो।

राजदूत भोल्कले जलवायु परिवर्तन, लैङ्गिक समानता, पछाडि परेका वर्गको उत्थान साथै नेपालको पर्यटन क्षेत्रको विकासका लागि अष्ट्रेलियाले काम गरिरहेको र आगामी दिनमा पनि निरन्तर हुने बताउनुभयो।

नेपाली विद्यार्थीका लागि अष्ट्रेलिया एक शैक्षिक गन्तव्य भएको उल्लेख गर्दै उहाँले नेपाली विद्यार्थीको शिक्षा र सुरक्षाका लागि पनि अष्ट्रेलिया सरकारले काम गरिरहेको बताउनुभयो । भेटमा उपाध्यक्ष श्रेष्ठले अष्ट्रेलियाले नेपालका लागि सामाजिक र आर्थिक विकासमा गर्दै आएको सहयोग र सहकार्यका लागि धन्यवाद दिँदै आगामी दिनमा पनि निरन्तर सहकार्य हुने बताउनुभयो। रासस

# राष्ट्रपतिसँग आयोगका पदाधिकारीको भेट

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरसहितका पदाधिकारीले भेट गरेको छ । राष्ट्रपतिको कार्यालय, शीतल निवासमा बुधबार भएको भएको भेटमा मानव अधिकार आयोगको स्तर निर्धारणको विषयमा छलफल भएको आयोगले जनाएको छ।

राष्ट्रपति पौडेलले आयोगको स्तर 'ए' श्रेणीमै कायम राख्नका लागि आफ्नो तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आयोगका अध्यक्ष मगरले आयोगले मानव अधिकार संरक्षण र संवर्द्धनका लागि सम्पादन गरेका कार्यको बारेमा जानकारी गराउँदै र आयोगलाई 'ए' श्रेणीमै कायम राख्नका लागि पेरिस सिद्धान्तबमोजिम आयोग ऐन निर्माण गर्नुपर्ने र यसका लागि आवश्यक पहल गर्न आग्रह गर्नुभएको थियो।

भेटमा सदस्य डा सूर्य ढुङ्गेल, मिहिर ठाकुर, मनोज दुवाडी, आयोगका कामु सचिव मुरारीप्रसाद खरेल, सहसचिव डा टीकाराम पोखरेल र मानव अधिकार अधिकृत दुर्गा पोखरेलको उपस्थिति रहेको थियो ।रासस

# साल्ट ट्रेडिङले कृषि क्षेत्रमा पनि योगदान गर्न आवश्यक : उद्योगमन्त्री रिजाल

काठमाण्डु । मुलुकमा सहजरूपमा आयोडिनयुक्त नुन उपलब्ध गराउने मुख्य उद्देश्यका साथ स्थापित साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड आफ्नो स्थापनाको ६० वर्ष पूरा गरी ६१ औं वर्ष प्रवेश गरेको छ । साल्ट ट्रेडिङको वार्षिकोत्सव कार्यक्रममा बोल्नुहुँदै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले दैनिक उपभोग्य वस्तु उपलब्ध गराइरहेको साल्ट ट्रेडिङ कर्पोरेशनले नेपाली उत्पादनको बजारीकरण र कृषि क्षेत्रमा पनि योगदान गर्नुपर्ने बताउनुभयो।

आन्तरिक उत्पादनले मात्र माग पूरा नहुने अवस्थामा उपभोग्य वस्तु आयात गरी उपभोक्ता हित संरक्षणमा टेवा पुऱ्याउन साल्ट ट्रेडिङले महत्त्वपूर्ण भूमिका खेलेको र सार्वजनिक-निजी अवधारणाको दरिलो उदाहरण बनेको मन्त्री रिजालको भनाइ



छ। "आगामी दिनमा दैनिक उपभोग्य वस्तुको कारोबारका अतिरिक्त कृषि क्षेत्रमा पनि प्रत्यक्ष योगदान पुऱ्याउन सकेमा संस्थाको महत्त्व अझ बढ्दै जानेछ।

कर्पोरेशनले भविष्यमा आफ्नो सेवालाई थप विस्तार गर्न आवश्यक छ", उहाँले भन्नुभयो । भूकम्प, कोभिड-१९ जस्ता दैवी प्रकोप तथा महामारीको अवस्थामा समेत उपभोक्ताको घरदैलोमा उपभोग्य वस्तु उपलब्ध गराउन यस संस्थाले महत्त्वपूर्ण भूमिका खेलेको मन्त्री रिजालले स्मरण गर्नुभयो । आगामी दिनमा सेवा क्षेत्र विस्तार गरी कारोबार पनि बढाउने लक्ष्य लिएको साल्ट ट्रेडिङले जनाएको छ।

कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले साल्ट ट्रेडिङको वित्तीय अवस्था थप सुदृढ पार्न सेवाको विविधीकरण आवश्यक रहेको बताउनुभयो। रासस

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

होटल मिस्टिक् मिथिला (प्रा.लि. नं.२९९४५१) जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर -०२ धनुषा, मधेश प्रदेशको कम्पनीको मिति २०८०/०५/२४ मा सम्पन्न विशेष सधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी (जे.जे.होटल प्रा.लि.)मा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने कर दायित्व आदी परिवर्तित नाम होटल मिस्टिक मिथिला प्रा.लि.को कम्पनीले सकार्ने ब्यहोर्ने भएकाले यो सुचना प्रकासित भएको मितिले ३० दिन भित्र सप्रमाण दावी गर्नु हुन सबैको जानकारीका लागि यो सुचना प्रकासित गरिएको छ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘जङ्गली जनावरको आतङ्क रोक्न सरकारलाई आग्रह’

जनकपुरधाम । महोत्तरीको बर्दिबास नगरपालिका-९ पशुपतिनगरकी बीना सिंहको परिवारले कुनैबेला आफ्नो खेतबारीको नगदेबालीबाट मनग्गे आम्दानी गरिरहेको थियो तर अचेल जङ्गली जनावरका कारण आफ्नै लागि खानपुग्ने तरकारी समेत उब्जाउन समस्या छ । जङ्गली जनावर निलगाई, बँदेल र बाँदर बस्ती पसेपछि समस्या भएको सिंहको भनाइ छ ।



“पहिले हाम्रो परिवार र यहाँका अरु किसानले पनि आलु, फर्सी, परवललगायत दलहन बालीबाट राम्रो जीविका चलाइरहेका थियौँ तर केही वर्षयता जङ्गली जनावर निलगाई, बँदेल र बाँदरले केही उब्जनी हुन दिँदैनन्”, सिंहले गुनासो गर्नुभयो, “तीन चार क्विन्टल दाल हुने खेतमा अहिले मुस्किलले १०/२० किलो जोगाउन सकिन्छ । बाँदरले त पहिले खेतबारीको बाली मात्रै खान्थ्यो अहिले ज्यूज्यान जोगाउनसमेत धौधौ छ ।”

धनुषाको बटेश्वर गाउँपालिका-१ का दीपेन्द्र सिंह परिवारले पनि धान, गहुँ, तरकारी बालीमा लगानी गरेअनुसारको प्रतिफल पाउन छोडेको धेरै भइसक्यो । निलगाईका कारण बर्सेनि बालीनालीमा क्षति पुऱ्याउने गरेपछि धेरै किसानले आँपखेती गर्न थाले पनि त्यसलाई समेत जोगाउन नसकिएको उहाँको गुनासो छ । “हामीले एकपटक १० कट्ठा जमिनमा बोडीको तरकारी लगाएका थियौँ तर निलगाईले एकरातमा सखाप गऱ्यो । आँप बगैँचा बनायौँ, त्यसलाई पनि बाँकी राख्दैनन् । अहिले त आफ्नै बारीमा जान सक्दैनौँ । बाँदरहरुले त भान्सामा रहेको खानेकुरा पनि छोड्दैनन् । अब हामीहरुल कसरी बाँच्ने ?” उहाँले भन्नुभयो ।

बीना र दिपेन्द्र मात्रै होइन निलगाई र बँदेलबाट पीडित आफ्नो क्षेत्रका नागरिकको गुनासो सुनेर मुखियापट्टी मुसहरनियाँ गाउँपालिका धनुषाका अध्यक्ष जयकुमार यादवले निकै हैरानी खेप्नुपरेको छ ।

उहाँले नजिकै रहेको भारतीय जङ्गलबाट आउने निलगाई र बँदेलले बालीनाली नष्ट गर्नुका साथै नागरिकमाथि आक्रमण गर्न थालेपछि निकै चुनौती बढेको सुनाउनुभयो ।

“जनावरले बालीनाली नष्ट गर्ने र नागरिकलाई आक्रमण गरेर दुःख दिने गरेका छन् । आफ्नो ज्यू ज्यान जोगाउन ती जनावरलाई केही गरिहालेमा पनि उल्टै नागरिकलाई ल्याएर थुन्ने काम हुन्छ । सङ्घ र प्रदेश सरकारको दायित्व पनि हो नी नागरिकको सुरक्षा गर्ने ! त्यसका लागि म सरकारलाई आग्रह गर्दछु”, यादवको आग्रह छ ।

उल्लेखित गुनासा बिहीबार जनकपुरमा आयोजित जङ्गली जनावरका कारण सृजित किसानका सवाल सम्बोधनका लागि प्रदेशस्तरी गोष्ठीमा अभिव्यक्त गरिएका हुन् । कार्यक्रममा मिथिली वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले जङ्गली जनावरको बासस्थानमा भएको मानव अतिक्रमणका कारण जनावर सुरक्षा र खानेकुराको खोजीमा बैँसी झर्न थालेकाले त्यसको असर किसानलाई परेको बताउनुभयो ।

उहाँले निलगाई, बाँदर र बँदेललाई समयमै नियन्त्रण गर्न नसके आगामी १० वर्षभित्र मधेसका कुनै किसानले पनि खेतीपाती गर्न नसक्ने अवस्था आउनेतर्फ सचेत गराउँदै समयमै त्यसको व्यस्थापनमा लाग्न सरकारलाई आग्रह गर्नुभयो ।

त्यसैगरी अधिवक्ता तिलक अधिकारीले जङ्गली जनावरका कारण उत्पादनमा असर गरी नागरिकको खाद्य अधिकार नै कुण्ठित हुनसक्ने भन्दै समस्या समाधानका लागि तीनै तहका सरकारले रणनीतिक कार्यक्रम अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा खाद्य अधिकारका क्षेत्रमा कार्यरत फियान नेपालका अध्यक्ष गोकर्ण रुपाखेतीले मधेसमा बढ्दै गएको जङ्गली जनावरको समस्या समाधान गर्न स्थानीय तह एक्लैले नसक्ने भन्दै सरोकारवाला सबै सरकारी तथा गैरसरकारी संस्थाले सामूहिक पहल गर्नुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले प्रदेश सरकारको चालु नीति तथा कार्यक्रम र बजेटमा वन्यजन्तु व्यवस्थापनको कुरा उठे पनि सबैपक्षको छलफलबाट नयाँ ढङ्गले अगाडि बढ्न सकिने बताउनुभयो । उहाँले आफूले प्रदेश सरकारलाई यस विषयमा ठोस कार्यक्रम अगाडि बढाउनका लागि ध्यानाकर्षण गर्ने तर तत्काल समस्या समाधानका लागि समुदायस्तरमा मौलिक उपायबारे पनि बहसहुन जरुरी रहेको बताउनुभयो ।

मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव जगन्नाथप्रसाद जयशवाल र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा नम्रता सिंहले वन्यजन्तुको बाँच्न पाउने अधिकार र नागरिकले भोग्नुपरेका समस्या समाधान गर्न आआफ्नो मन्त्रालयका तर्फबाट आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । रासस

सुन प्रकरणः

# ५० जनालाई प्रतिवादी बनाउन राय तीन सय ६२ किलो सुन तस्करी भएको खुल्यो

काठमाण्डु । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले झन्डै ६१ किलो सुन तस्करी प्रकरणमा ५० जनालाई प्रतिवादी बनाउन रायसहितको प्रतिवेदन तयार पारेको छ । उनीहरूमाथि विभिन्न सातवटा कसुर लगाउन सिफारिस गरिएको छ ।

उक्त प्रकरणमा आरोपीहरूमाथि हालसम्म भन्सार ऐन, सङ्गठित अपराध, नेपाल राष्ट्र बैंक ऐन, अपराधसंहिता, नेपाल नागरिकता ऐन, राहदानी ऐन र अध्यागमन ऐनअनुसार कारबारहीका लागि सिफारिस गर्ने गरी अनुसन्धान प्रतिवेदन तयार पारिएको सिआइबीका प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले जानकारी दिनुभयो ।

बुधाबार आयोजित पत्रकार सम्मेलन उहाँले अनुसन्धानका क्रममा अहिलेसम्म गिरोहहरूले विभन्नि सातवटा कम्पनीबाट तीन सय ६२ किलो (३०२ र ६० किलो) भन्दा बढी सुन तस्करी गरेको खुलेको पनि जानकारी दिनुभयो । प्रहरी अतिरिक्त महानिरीक्षक बज्राचार्यका अनुसार त्यसलाई हिसाब गर्दा अहिलेको मूल्यमा रु तीन अर्ब ५० करोड दुई लाख १६ हजार पाँच सय ५२ बराबरको सुन तस्करी भएकाले सो रकमलाई बिगो कायम गरी मुद्दा अघि बढाउन पनि राय दिइएको छ। उक्त अटनामा अहिलेसम्म ३२ जना पक्राउ परेका छन् । त्यसमध्ये २३ जना नेपाली र नौ जना विदेशी रहेकामा १८ जना फरार रहेका उहाँको भनाइ थियो ।



**सुन तस्करीबारे ४२ जनाको टोलीबाट अनुसन्धान**

उक्त प्रकरणमा प्रत्यक्षरूपमा ४२ जनाको टोलीले ३५ दिनसम्म अनुसन्धान गरेको सिआइबीले जनाएको छ । सिआइबी प्रमुख बज्राचार्यले प्राविधिक पाटोसहितलाई हेरेर अझै वैज्ञानिक बनाउने काम गरिएको बताउनुभयो । उहाँका अनुसार अनुसन्धानका साथै विशेषज्ञ टोलीलाई समेत राखेर वैज्ञानिक तरिकाले अनुसन्धान गरिएको छ । त्यसपछि अपरेसनल टोलीले विभिन्न ठाउँमा पक्राउ तथा बरामद गर्ने, लोकेसन भेरिफाई गर्नेलगायत काम गरेको, अर्को डकुमेन्टेसन टोलीले अभियोजनलगायत कामलाई कानुनसम्मत बनाएको र आन्तरिक तथा बाह्य समन्वयको टोलीले समेत सहयोग पुऱ्याएको सिआइबी प्रमुख बज्राचार्यले जानकारी दिनुभयो ।

उक्त सुन प्रकरणको अनुसन्धान टोलीका संयोजक प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले तस्करहरूले सुरुमा ट्रायल गरेर परीक्षण गरेपछि मात्रै सुन तस्करी गरेको पाइएको बताउनुभयो । विभिन्न सातवटा कम्पनीबाट सुन तस्करी भएको र अहिले रेडी ट्रेडका नाममा आएको सुनको मात्रै अनुसन्धान सकिएको तर बाँकी अनुसन्धान जारी रहने उहाँले उहाँको भनाइ थियो । तहगतरूपमा मान्छे तयार पारेर तस्करी गरेको पनि पाइएको चर्चा गर्दै संयोजक थापाले ती कम्पनीले अटो पार्टमा सुन ल्याएको, हङकङमा रहेको कार्गो कम्पनीले सुन पठाएको र लाजिम्पाट तथा टोखामा लगेर गाल्ने गरिएको तथ्य पनि फेला परेको बताउनुभयो ।

भन्सारको भौतिक मूल्याङ्कन र जाँचपासका सबै प्रक्रियामा जोखिम व्यवस्थापन शाखाले मनिटरिङ गर्ने गर्दछ तर त्यहाँ संलग्न कर्मचारीहरू पनि अनुसन्धानको दायरमा रहेका छन् । सिआइबीले अब केही बेरमा उक्त रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिललाई बुझाउने पत्रकार सम्मेलनमा जानकारी दिएको थियो । गत साउन ३ गते राजस्व अनुसन्धान विभागको टोलीले हङकङबाट ब्रेक शुमा हालेर ल्याइएको उक्त सुन सिनामङ्गलस्थित भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो ।

विभागले आवश्यक अनुसन्धान सकेर १८ दिनपछि सुन प्रकरणको अनुसन्धानको जिम्मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई दिएको थियो । ब्रेक शुसहितको सुन एक सय ५५ किलो भएको पाइए पनि गाल्दा ६० किलो सात सय १६ ग्राम पुगेको थियो । उक्त सुन अहिले राष्ट्र बैंकको संरक्षणमा रहेको छ ।रासस

# क्यान्सरविरुद्धको ‘एचपिभी’ खोप सेवा सुरु

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले देशभरका सबै उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको ‘एचपिभी’का खोप उपलब्ध गराउन मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभएको छ ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा बुधबार आयोजित कार्यक्रममा ‘एचपिभी’का खोपको शुभारम्भ गर्दै उहाँले निकट भविष्यमा सबै उमेर समूहका किशोरीलाई खोप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । उहाँले गाभीले सन् २०२४ बाट खोपको पर्याप्त मात्रा सहयोग गर्ने प्रतिबद्धता आएको जानकारी दिनुभयो । “सीमित स्रोत र साधनका बाबजुत हामीले एचपिभी खोप लगाउन सुरु गरेका छौँ”, उहाँले भन्नुभयो, “उमेर समूहलाई ध्यानमा राखेर दिने खोप, यो खोप ७७ जिल्लाका सबै महिला/किशोरीले पाउनुपर्छ । निकट भविष्यमा नेपालका सबै उमेर समूहका किशोरीहरूले यो खोप पाउनुपर्ने हुन्छ, त्यसका लागि मन्त्रालय दृढताका साथ अघि बढ्छ ।”



मन्त्री बस्नेतले ‘एचपिभी’ खोप अस्पताललाई हस्तान्तरणपछि छजना किशोरीले खोप लगाउनुभयो । मन्त्रालयका सचिव डा रोशन पोखरेलले खोपको मात्र कम भएता पनि यसको समानुपातिक वितरण हुने जानकारी दिनुभयो “बागमती प्रदेशमा प्रसूति गृह अस्पतालबाट सञ्चालन भएको छ । खोपको मात्रा सीमित भए पनि आवश्यक सबैलाई पुऱ्याउने मन्त्रालयको कोसिस हो”, उहाँले भन्नुभयो ।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले विश्व स्वास्थ्य सङ्गठनमा गरेको प्रतिबद्धताअनुसार रोगको उन्मूलनका लागि पनि खोप अपरिहार्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, “२० हजार खोप छ त्यसले नौ हजार जनालाई मात्र पुग्ने देखिन्छ । अन्तरराष्ट्रिय प्रतिबद्धताका अनुसार पनि हामीले अर्को पटक धेरै मात्रामा खोप भित्र्याएर धेरैभन्दा धेरै किशोरीलाई खोप उपलब्ध गराउनुपर्ने हुन्छ ।”

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्राले पहिलो मात्राका लागि उमेर खुलेको आधिकारिक प्रमाण पुग्ने कागजात लिएर खोप लगाउन पाइने जानकारी दिँदै अभिभावक, विद्यालय र अस्पताललाई सहजीकरण गर्न आग्रह गर्नुभयो ।

परिवार कल्याण महाशाखाको निर्देशक डा विवेककुमार लालले देशभरका छवटा सङ्घीय अस्पताल र सुदूरपश्चिम प्रदेशका लागि डडेल्धुरा अस्पतालबाट सुर्खेत किशोरीलाई आजदेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप ‘एचपिभी’ दिइएको हो । तर कोशी प्रदेशले बिहीबारदेखि खोप कार्यक्रम सञ्चालन गर्ने उहाँले जानकारी दिनुभयो ।

उक्त खोप १४ वर्ष उमेर पूरा भई १५ वर्ष पूरा नभएका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप ‘डेमोस्ट्रेसन’का रूपमा दिइन थालिएको हो ।रासस

# सुविधा खोसिने भएपछि आर्थिक सुधारका नीति कार्यान्वयनमा अवरोध भयो : अर्थमन्त्री महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले आर्थिक सुधारका लागि सरकारद्वारा चालिएका कदममा अवरोध हुन थालेको बताउनुभएको छ । दोस्रो चरणको आर्थिक सुधारका क्रममा थालिएका नीतिगत तथा संरचनागत परिवर्तनका प्रयासबाट रुष्ट भएकाले असहयोग गरिरहेको उहाँको भनाइ छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गर्न बुधबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री महतले यस्तो बताउनुभएको हो । “नीतिगत सुधार आवश्यक छ । बजेटमा कुन काम कसरी गर्ने भनेर योजना बनाइएको छ । तर अहिलेको अवस्थामा बढी चुनौतीपूर्ण भनेको कार्यान्वयनको पाटोमा छ”, अर्थमन्त्री डा महतले भन्नुभयो, “अहिले पाइरहेका सुविधा आर्थिक सुधार र पुनःसरचनाका क्रममा गुम्ने भएपछि केही व्यक्तिले त्यसलाई राम्रो मानेका छैनन् । ‘रिफर्म’ भनेको खाइपाइ आएकोबाट च्युत हुनुपर्छ । सुविधाबाट बञ्चित हुने भएपछि अवरोध भएको छ ।”

सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट अर्थतन्त्र सुधारका लागि केही महत्त्वपूर्ण योजना ल्याएको थियो । जसमा चालु तथा साधारण खर्च कटौती, अनावश्यक संरचना खारेजी तथा गाभ्ने प्रक्रिया थालनी, संस्थागत तथा वित्तीय सुशासन, राजस्व चुहावट नियन्त्रण र दायरा विस्तार, दक्ष र नतिजामुखी प्रशासन, पुँजीगत खर्च वृद्धिलगायतका नीति बजेटमार्फत ल्याइएका थिए ।

विकास र समृद्धिका लागि नागरिकका आकाङ्क्षा निकै बढी हुनु तर त्यसको पूर्ति गर्न सरकारसँग स्रोत अभाव रहनु पनि अहिलेको समस्या रहेको अर्थमन्त्री महतको भनाइ छ । “स्रोत थोरै छ । अपेक्षा धेरै छन् । जसकारण गुनासो बढेको हो । त्यसका बाबजुद पनि सकारात्मक नतिजा देखिन थालेका छन्”, अर्थमन्त्री महतले भन्नुभयो, “परिणाम स्वस्फूर्तरूपमा आउँदैनन् । अर्थतन्त्रका सबैपक्ष (स्टक होल्डर) लयमा हिँड्न थालेपछि नतिजा देखिन्छ । अर्थतन्त्र सुस्त (स्लो) छ, पीडादायी (पेनफुल) छ । तर राम्रो बाटोमा अघि बढिरहेको छ ।”

*अर्थतन्त्र सुधारका लागि सकारात्मक बहस र लगानीकर्ताको आत्मविश्वास बढाउन आवश्यक रहेको डा महतले बताउनुभयो । निजी क्षेत्रले भनेको सबै ठिक, नियामकले भनेको सबै ठिक वा सरकारले भनेको सबै ठिक भन्ने भावनाबाट मुक्त भएर सबैपक्ष मिलेर जानुपर्नेमा उहाँले जोड दिनुभयो । पहिले कोभिड महामारी पछिको अर्थतन्त्र पुनरुत्थानका लागि नियामक नेपाल राष्ट्र बैंकले लचक मौद्रिक व्यवस्था ल्याएको र त्यो बेला सहज ऋण पाउँदा सोच विचार नै नगरी लगानी गर्दा अहिले समग्र लगानीको वातावरण नै खल्बलिएको उहाँको भनाइ छ ।*

उहाँले अहिले विप्रेषण आप्रवाह पर्याप्त आइरहेको भए पनि बजार चलायमान हुन नसकेको बताउनुभयो । लगानीकर्तामा उत्साह नदेखिँदा बजार चलायमान हुन नसकेको उहाँको भनाइ छ । “पर्याप्त तरलता हुँदा र ब्याजदर सहज अवस्थामा हुँदा पनि लगानीका लागि सकारात्मक माहोल बन्न सकेन । पहिले जस्तो शेयर बजार, जग्गामा लगानी भएको छैन । लगानीकर्ता, बैंक, सर्वसाधारण सबैमा हिचकिचाहट छ”, अर्थमन्त्री महतले भन्नुभयो ।

अर्थतन्त्र सुधारका लागि सकारात्मक बहस र लगानीकर्ताको आत्मविश्वास बढाउन आवश्यक रहेको डा महतले बताउनुभयो । निजी क्षेत्रले भनेको सबै ठिक, नियामकले भनेको सबै ठिक वा सरकारले भनेको सबै ठिक भन्ने भावनाबाट मुक्त भएर सबैपक्ष मिलेर जानुपर्नेमा उहाँले जोड दिनुभयो ।

पहिले कोभिड महामारी पछिको अर्थतन्त्र पुनरुत्थानका लागि नियामक नेपाल राष्ट्र बैंकले लचक मौद्रिक व्यवस्था ल्याएको र त्यो बेला सहज ऋण पाउँदा सोच विचार नै नगरी लगानी गर्दा अहिले समग्र लगानीको वातावरण नै खल्बलिएको उहाँको भनाइ छ । “हिजो सहज मौद्रिक नीति हुँदा, सहज ऋण पाउँदा सोच विचार नै नगरी लगानी भयो । जसको अपेक्षित प्रतिफल आएन । अब पहिल्यै ऋण लिएर तिर्न नसकेकालाई थप ऋण दिनसक्ने अवस्था छैन । नयाँ ऋण लिन खोज्नेलाई समग्र माहोल लै नै निरुत्साहित (डिस्करेज) गरेको छ”, उहाँले भन्नुभयो । हिजोका दिनमा जथाभावी धेरै कर्जा विस्तार हुनु भनेको लिनेको मात्र नभई दिनेको पनि गल्ती रहेको अर्थमन्त्री महतको बुझाइ छ ।

राष्ट्र बैंकले पहिले चलक नीति र अहिले बन्देजकारी नीति लिँदा केही वित्तीय क्षेत्रमा केही समस्या देखिन गएको छ । त्यस्तै अनुत्पादक क्षेत्र भन्दैमा शेयरबजार र घरजग्गा क्षेत्रलाई उपेक्षा गर्न नसकिने र समग्र बजार चलायमान बनाउनका लागि यी दुई क्षेत्रको पनि महत्त्वपूर्ण भूमिका रहने उहाँको भनाइ छ ।

राष्ट्र बैंकले अहिले शेयर बजारमा लगानी गर्नका लागि समग्र वित्तीय प्रणालीबाट रू १२ करोडभन्दा बढीको शेयर धितो कर्जा नपाउने गरी सीमा तोकेको छ । यस्तो सीमालाई रू १८ देखि २० करोडसम्म बनाउन सकिने अर्थमन्त्री महतले बताउनुभयो ।

“शेयर र घरजग्गा क्षेत्र ‘ओभर हिटिङ’ भएकै हो । घरजग्गाको मूल्य विस्तारै घट्दै जानुपर्नेमा कारोबार ठप्पको अवस्थाजस्तो हुनुहुँदैन्थ्यो”, उहाँले भन्नुभयो, “अनुत्पादक क्षेत्र भनेर भएन, त्यो पनि पैसाको ‘सर्कुलेसन’ हो । यी क्षेत्रबाट पनि बजार चलायमान हुन्छ । उत्पादन क्षेत्र पहिलो प्राथमिकता हो । यसो भन्दैमा अनुत्पादक क्षेत्रमा जानै हुँदैन भन्ने होइन ।”

नेपालको श्रमशक्ति विदेशिने क्रम यसरी नै बढिरहने हो भने नेपालमा केही समयपछि जनशक्ति अभावको अवस्था आउने अर्थमन्त्री डा महतको भनाइ छ । नेपालमा अवसर खोज्दै नखोजी विदेश जाने प्रवृत्ति बढेको महतले बताउनुभयो ।रासस

# फिल्म, टेलिशृख्ला, स्टेज कार्यक्रममा प्रहरी पोसाक प्रयोग गर्दा स्वीकृति लिनुपर्ने

काठमाण्डु । नेपाल प्रहरीले फिल्म, टेलिशृख्ला, स्टेज कार्यक्रमलगायतमा नेपाल प्रहरीको पोसाक प्रयोग गर्दा अनिवार्य स्वीकृति लिनुपर्ने जनाएको छ ।

प्रहरी पोसाकको दुरूपयोग भएको पाइएको भन्दै नेपाल प्रहरीले अबदेखि भिडियोको स्क्रिप्टसमेत देखाएर स्वीकृति लिनुपर्ने जनाएको हो ।


केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले बुधबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा पोसाक दुरूपयोगका साथै साङ्गठानिक मर्यादाविपरीतका अपशब्द र संवादलाई प्रस्तुत गरेको तथा कतिपयले प्रहरीले व्यावसायिकरूपमा गरेका कार्यलाई अपव्याख्या गर्ने एवं प्रहरी कर्मचारीका निर्दोष पारिवारिक सदस्यसमेतको सुरक्षा चुनौती दिने किसिमका असामाजिक एवं अराजक प्रकृतिका अभिव्यक्तिबाट प्रहरी कर्मचारीको व्यावसायिक मनोबलमा प्रतिकूल प्रभाव पार्ने किसिमका क्रियाकलाप देखिएकाले नेपाल प्रहरी प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।रासस

# सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै कामपा

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले आफ्नो मातहतमा रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको क्रममा रहेको बताएको छ । कामपा शिक्षा विभागका प्रमुख सीताराम कोइरालाका अनुसार सबै सामुदायिक विद्यालयलाई विद्यार्थी र अभिभावको आकर्षणको केन्द्र बनाउने हो जहाँ राम्रा भनिने निजी विद्यालयले दिने शिक्षाको गुणस्तरभन्दा कम हुने छैन । “भौतिक संरचना निर्माण गर्नुपर्ने विद्यालयका लागि सोहीअनुसारको काम भइरहेको छ भने कम विद्यार्थी संख्या भएको विद्यालयको हकमा विद्यार्थी बढाउनेतर्फ कामपाले ध्यान दिइरहेको छ,” उहाँले भन्नुभयो ।

कामपामा ८९ वटा सामुदायिक विद्यालय सञ्चालनमा छ । ५९ माध्यमिक हो भने अन्य आधारभूत विद्यालय रहेका छन् । प्रमुख कोइरालाले भन्नुभयो, “कामपाले तत्काल शिक्षा नीति ल्याउने तयारी गरिरहेको छ, त्यसपश्चात् शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन आउँछ । अबको कामपाको शिक्षा क्षेत्रको योजना भनेको राम्रो भौतिक संरचनासहित गुणस्तरीय शिक्षा प्रदान गर्नु हो ।”

राम्रो भौतिक संरचना र गुणस्तरीय शिक्षाकै कारण हाल कामपामा सञ्चालनमा रहेका विद्यालय जनकल्याण माध्यमिक विद्यालय, शिवपुरी माध्यमिक विद्यालय, रत्नराज्य माध्यमिक विद्यालय, पद्मकन्य माध्यमिक विद्यालय, पद्मोदय माध्यमिक विद्यालय, विश्व निकेतन, माध्यमिक विद्यालय, सरस्वती निकेतन, ज्ञानोदय माध्यमिक विद्यालयमा थप विद्यार्थीलाई पठनपाठन गराउने स्थान नभएको कामपाको भनाइ छ । आगामी दिनमा अन्य विद्यालयलाई पनि यस्तै नै बनाउने कामपाको लक्ष्य रहेको बताइएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### सार्थक प्रयास

विभिन्न प्रकारका अपांगता भएका मानिसलाई नयाँ जीवन दिने कार्यमा भारतको उदयपुर स्थित नारायण सेवा संस्थान लामो समयदेखि कार्यरत छ । नारायण सेवा संस्थानले भारतमा अपांगता भएका व्यक्तिहरुलाई निःशुल्क रुपमा उपचार, कृत्रिम हातखुट्टा, अप्रेशन लगायतका सेवाहरु प्रदान गर्छ । नारायण सेवा संस्थानको सबै सेवा निःशुल्क र स्तरीय छ । भारत भरी ख्याति कमाएको नारायण सेवा संस्थानले नेपालमा पनि सेवा सुरु गरेको छ । नेपाल मारवाडी सेवा समितिको सहकार्यमा नारायण सेवा संस्थानले कृत्रिम हातखुट्टा बनाएर अपांगता भएका व्यक्तिहरुलाई सहयोग गर्न लागेको छ । नारायण सेवा संस्थान र मारवाडी सेवा समितिको संयुक्त आयोजनामा मधेश प्रदेशको लहानमा आयोजित शिविरमा १ सय ५० जना अपांगहरुको हातखुट्टाको नापजाँच गरिएको छ । करिब डेढ महिनामा कृत्रिम हातखुट्टा बनाएर उनीहरुलाई उपलब्ध गराइनेछ । विगतमा पनि विभिन्न संघसंस्था र व्यक्तिले अपांगता भएका व्यक्तिलाई विभिन्न प्रकारका सहयोग गरेका छन् । सहयोग गर्ने क्रम निरन्तर रहेको छ । तर एकै पटक डेढ सय अपांगता भएका व्यक्तिलाई एकै पटक हातखुट्टा उपलब्ध गराइने यो पहिलो प्रयास हो । लहानमा नापजाँचका लागि राखिएको शिविरमा मधेश प्रदेशका ८ वटै जिल्लाबाट अपांगता भएका व्यक्तिको सहभागिता रहेको थियो । मारवाडी सेवा समितिले स्थानीय स्तरमा संयोजन र कृत्रिम हातखुट्टा बनाउने काम नारायण संस्थानले गरेको छ । जन्मजात रुपमा अपांग भएका, विभिन्न दुर्घटनामा परेर अपांग भएकाहरुको संख्या अधिक छ । उनीहरुमा काम गर्ने क्षमता र चाहना भए पनि हातखुट्टाले साथ नदिँदा उपेक्षित हुनु परेको छ । कृत्रिम हातखुट्टा लगाएर पनि जीवनलाई सहज बनाउन सकिन्छ । हातखुट्टा दुरुस्त भएका व्यक्ति सरह अपांगता भएका व्यक्तिले काम गर्न नसके पनि केहि कमै भए पनि काम गर्न सक्छन् । सामाजिक रुपमा बहिष्कृत हुनु पर्ने छैन् । समाजले अपांगता भएका व्यक्तिहरुलाई उच्च सम्मान दिनु पर्छ । त्यसबाट अपांगता भएका व्यक्तिहरुको मनोबल उच्च हुनेछ । उनीहरुले पनि आनन्दको जीवन यापन गर्न सक्छन् । नारायण सेवा संस्थानले उदयपुरमा चलाएको जस्तै संस्थान नेपालमा पनि स्थापना गरी सेवा दिनु आवश्यक छ । हुन त नेपालीहरुले पनि चाहे त्यो संभव छ । सेवा भावनाबाट ओतप्रोत नारायण सेवा संस्थानको नक्कल नेपालमा पनि गर्न सकिन्छ । नारायण सेवा संस्थान एकजना व्यक्तिले सुरु गरेर विशाल बनेको छ । भारतबाट नेपालमा आएर सेवा दिन लागेका नारायण सेवा संस्थान आस्थाको धरोहर बनेको छ ।

# एमसीसी र नागरिकता विधेयकले विभाजित मानसिकता



**डा. रामसागर पंडित**

विकासशील र अल्प विकसित देशहरू हालको अवस्थामा आफ्नै बलबुतामा अगाडि बढ्न निकै चुनौतीहरू थपिएका छन् । विश्वको अस्सी प्रतिशत जनसङ्ख्या विकासशील तथा अल्पविकसित देशहरूमा बसोवास गरिरहेका छन् भने बीस प्रतिशत जनसङ्ख्या मात्र विकसित देशहरूमा छन् । तर प्राकृतिक स्रोतसाधन प्रयोगको सबालमा अस्सी प्रतिशत विकसित देशहरू तथा बीस प्रतिशत मात्र विकासशील र अल्पविकासित देशहरूले गरिरहेका छन् । विकासशील र अल्पविकासित देशहरूमा अन्नको अभाव, गुणस्तरीय शिक्षाको अभाव, निरक्षरता प्रतिशत बढी, स्वास्थ्य अवस्था कमजोर, स्वस्थ खानेपानीको अभाव, अन्धविश्वास र परम्परागत मूल्यमान्यतामा बढी निर्भरता, जनसङ्ख्या नियन्त्रण नहुनु, महिला तथा बाल्यवालिकाको चिन्ताजनक अवस्था, सुरक्षाको अभाव जस्ता कुराहरूले गर्दा उनीहरूका जीवन आक्रान्त देखिन्छ ।

नेपाल पनि विश्वका यी अल्पविकसित देशहरूमध्ये एउटा हो । हाम्रो देश पनि विकसित देश तथा विकसित देशको नजिकमा पुगेका देशहरूको सहयोग अनुदानमा निर्भर छ । यदि उनीहरूले सहयोग गरेनन् भने हाम्रो अवस्था बत्तर भन्दा बत्तर हुन बेर लाग्दैन । देशको स्रोत साधन माथि बढी रहेको चापलाई देशले नियन्त्रण गर्न सकिरहेको छैन । जनसङ्ख्या बृद्धिसँगै यी कुराहरू पनि बढ्नु पर्ने थिए तर जग्गा त हामी बढाउन सक्दैनौं । अहिले जनसङ्ख्याको चापले प्राकृतिक स्रोतमध्ये वनजंगल, खानेपानी, नदीनाला, उब्जाउ जग्गा, वायुहवा, वातावरण लगायत जीवनका अन्य आधारभूत कुराहरूका अवस्था निकै दयनीय देखिन्छ । एउटा बाँकीको नाममा जलविद्युतको कुरा हरेक मञ्चमा उठाइ रहेका छौं । नदीनालाको अवस्था विग्रिदा विद्युत उत्पादनमा समेत असर पर्न बेर लाग्दैन । वनजंगल, वर्षा र नदीनालाको घनिष्ट सम्बन्ध छ । नेपाल अहिले यस्तो मोडबाट गुज्रिरहेछ जसले ऋण अनुदान नलिइ हुँदै/हुँदैन । यसैको नतिजा हो एमसीसी अनुदानलाई स्वीकृति दिनु ।

एमसीसीको फुलनेम 'मिलेनियम चैलेञ्ज कर्पोरेशन' रहेछ । यसलाई विकासशील तथा अल्पविकसित देशहरूले निकै शङ्काको दृष्टिले हेरिरहेका छन् । अमेरिका विश्वका देशहरूमध्ये सबभन्दा शक्तिशाली देश रहेछ । कतिपय देशमा बलजफ्ती आफ्ना सेना उतारेर त्यस देशलाई तहस नहस बनाइ दिन बेर लागेन । यसरी यस्ता अनुदान लिन देशहरू फुकीफुकी पाइला चाल्न चाहन्छन् ।

यूएसएसआर नटुत्रिएसम्म वामपन्थी धारको नेतृत्व उनैले गरेको थियो भने हाल यस धारको नेतृत्व चीनको हातमा आएको छ । पूँजीवादी धारका देशहरू साम्यवादी देशहरूलाई जहिले पनि तह लगाउन चाहन्छन् तर साम्यवादी देशहरूका शक्तिलाई देखेर एकैचोटी चाहे अनुसार गर्न सकिरहेका छैनन् । विश्वका अनेक ठाउँमा पनि यही दुई विचारधाराको बीचमा युद्ध चलिरहेछ । रुस र यूक्रेन बीचको युद्ध पनि यी दुबै विचारधारा बीचका युद्ध हुन । रूस पुनः पहिलेकै स्थितिमा फर्कन चाहन्छ भने यसलाई रोक्न यूक्रेनलाई पश्चिमा देशहरू भरपूर सहयोग गरिरहेका छन् । अमेरिका लगायत पश्चिमा देशहरूका संगठन ईयू र नाटो आफ्नो संगठनको सदस्यताको लोभ दिएर यूक्रेनलाई ढाल बनाइ पूर्वसोभियत संघबाट अलग भएका देशहरूलाई पुनः यसैभित्र प्रवेश गराएर हालको रुसलाई समेत आफ्ना अन्डरमा राखेर कमजोर बनाउन चाहन्छन् तर रूस त्यस्तो कुरामा पर्न चाहँदैन । एक चोटी गोर्भाचोभको पालामा देखेका अमेरिकाको चालामालाबाट रूस अति सतर्क देखिन्छ । साँचै भने हो भने यूक्रेनको युद्धमा अमेरिका लगायत पश्चिमा देशहरू एकजूट भएर यूक्रेनको पक्षबाट लडिरहेका छन् ।

यस युद्धमा रूसको पक्षमा देखिएका केही देशहरू क्रमशः चीन, भारत, इरान, उत्तर कोरिया लगायत अन्य वामपन्थी देशहरू छन् भने यूक्रेनको पक्षमा पश्चिमा देशहरूका साथै केही अमेरिकी देशहरू छन् । आजको अवस्थामा कुनै देशलाई तत्कालै परास्त गरी दिन्छु भने त्यस्ता सोचलाई फिर्ता लिनु पर्छ । रुस र यूक्रेनको युद्धमा त्यहि भएको हो । अब म पाठकवर्गलाई नेपालतिर मोड्न चाहन्छु । नेपाल विशाल देशहरू भारत र चीनको बिचमा एउटा भूपरिवेष्ठित देश हो । आधुनिक हातहथियारको मामलामा कमजोर भए पनि असंलग्न परराष्ट्रनीतिको सिद्धान्तमा शुरू देखिनै आफ्ना अडान लिँदै आएको छ । अहिले अमेरिकन संस्था एमसीसी नेपालमा आउने कुरालाई सुनेर भारतभन्दा चीन नेपालसँग बढी चिढिएको छ । चीनको के अनुमान छ भने नेपालमा एमसीसी मार्फत अमेरिकी सेना तथा हातहतियार थुप्रिने छन् जसबाट चाइनालाई घेर्ने हो कि ? अमेरिकी संस्था एमसीसीको जे जस्तो उद्देश्य भए पनि त्यसमा देखिएका सैन्यकुरासँग सम्बन्धित कुरालाई संशोधन गरी संसदबाट पास गराइ पठाएको थियो । संशोधित कुरा सहित एमसीसी नेपालमा काम गर्न तयार भएर नै नेपाल आफ्ना कामको शुरूआत गरेको हुनुपर्छ ।

यसबाट चीन मात्र होइन नेपालका केही पार्टीहरूसमेत यसका विरोधमा छन् । चारवटा पार्टीले मिलेर बनेको समाजवादी मोर्चाका केही घटकसमेत यसको विरोधमा रहेका छन् । जो पार्टी समर्थनमा छ त्यसका नेताहरू केही यता केही उत्ता रहेका छन् । यसबाट के देखिन्छ भने एमसीसीलाई अहिले पनि वामपन्थीहरूले पचाइ राखेका छैनन् । काँग्रेस पार्टी पूर्णरूपेण सहमतिमा छ । जो विकसित देश यस्तो देशमा लगानी लगाए पछि आफ्ना पनि केही राष्ट्रिय स्वार्थ पक्कै होला नि ! अर्कोतिर चीनको विस्तार दक्षिण एशियाका देशहरूमा नहोउन् भने प्रजातान्त्रिक पार्टीहरू लगायत तराई मधेशका मधेशी पार्टीहरू समेत चाहेका छन् । चार/पाँच साल पहिले इनिसिएटिभ सिल्क सडक बारे चीनले खुबै जोडतोरले कुरा उठाएको मात्र थिएन नेपाल, बाँग्लादेश, श्रीलंका, पाकिस्तान, अपगानिस्तान जस्ता सबै देशलाई यस सडक जालमा लिइ सकेको थियो । भारतीय सेनाले भुटानको सीमा डोक्लाममा चाइनिज सेनालाई अवरोध गरेगछि त्यहीँबाट पछिहटनु परेको थियो र विस्तारै कोभिड आउँदा अझ सबै देश आ-आफ्ना बचाउमा लागेर ती कुरालाई त्यही तिलाञ्जली दिएर पछि हटे । अहिले एमसीसी नेपालमा लागू भएदेखि चीन नेपाल प्रति निकै प्रष्ट छ । चीनले आफ्नो नयाँ नक्सा प्रकाशित गर्दा नेपालको नयाँ नक्सा (चुच्चे नक्सा) लाई मान्यता दिएको देखिएन किनभने त्यस ठाउँको केही जग्गामा चीनको पनि लोभ रहेछ । अहिले संसदमा के कुरा उठिरहेछ भने हामी त्यस बेला प्रत्येक देशमा आफ्नो नयाँ नक्सालाई पठाउनु पर्ने थियो तर नपठाइएको कारणले पुरानै नक्सा राखियो भने चीनको भनाइ छ । अन्य राजदूतहरू केही बोल्दा पनि चीन नेपालमा कहिले पनि आफ्नो उछृंखलता देखाएन । तर अहिले त्यहाँका राजदूत पनि बिष वमन गर्न थालेको देखियो ।

अहिले हाम्रो देशमा एमसीसी र पास भएको नागरिकता विधेयकलाई केही मानिसहरूले हेर्न चाहँदैनन् । उनीहरूको के सोच छ भने तराईका बासिन्दाहरू भारतीय मूलका मानिसहरू हुन् । भोलि यसरी नागरिकतालाई खुकुलो बनाउँदा नेपालको जनसङ्ख्यामा बढी शेयर वहाँहरू कै हुन जान्छ त्यसबेला हामी जेगरे पनि रोक्न सक्दैनौं । मेरो विचारमा नेपालको जनसङ्ख्या समस्या सम्बन्धमा कहिले पनि गम्भिर भएन । तिब्बत चीनमा गाभिएका बेला हजारौं तिब्बती नेपालमा भागेर आए ।

के नेपाल सरकारसँग यसको डाटाको इतिहास छ- कति आए र कति गए ? त्यस्तै भुटानी शरणार्थीमध्ये कति शिविरमा छन्, कति बाहिर गए त्यसको कुनै रेकर्ड छैन । अर्कोतिर अहिले तराईको उर्वर भूमी आवासमा परिणत हुँदै छ । हिमाली र पहाडी क्षेत्र खाली गरेर ती जनसङ्ख्या तराई मधेशमा झर्दै छन् । यसले भोली कस्तो किसिमको समस्या ल्याउँने हो किन त्यस्तो कुरामा विचार पुऱ्याइ रहेको छैन् । हालै नेपाली काँग्रेसका नेता महेन्द्र यादवमाथि खुकुरी प्रहार त्यसैको कडी त होइन । प्रजातन्त्रमा सबैको बोल्ने हक संविधानले प्रदान गरेकै छ । खुकुरी चलाउनेले पहिलेदेखि योजना बनाएर आएको हुनुपर्छ । अहिले पनि कतिपय पहाडी मूलका मानिसहरू चीनको विरोध हेर्न चाहँदैनन् ।

नागरिकता विधेयकको विरोधमा नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदूर किसान पार्टीका साथै केही अन्य बामपन्थी घटकहरू समेत लागेका थिए । त्यति मात्र कहाँ हो र ! खुद तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारी पनि विधेयकलाई प्रमाणित गर्नु भएनन् । यसलाई केही पहाडी मूलका मानिसहरू राष्ट्रद्रोहसँग जोडेर हल्ला उठाएका थिए । वर्तमान राष्ट्रपति प्रमाणित गर्दा रामचन्द्र पौडेलको नामबाट कम गाली आएन । जसले आफूलाई मात्र राष्ट्रवादी भन्छन् । कस्तो राष्ट्रवादी ? देश बचाउने उनकै जिम्मामा छ । तराई आज बनेको हो र ! हिमाल पहाड र तराई नेपालका हिस्सा हुन् । नेपाल प्रति यी सबैको समान भावना आउँदैन तबसम्म देश बन्दैन । नेपाललाई बनाउन तराईदेखि हिमालसम्मको हात जोडिएको हुनुपर्छ । जसले यस्तो कुरो गर्छ शायद त्यसले नेपालको इतिहासबाट टाढा रहेको देखिन्छ । नेपालका पहिलो राजाको थिए ? के गोपालवंश हिमालबाट झरेका थिए ।

यसका पछाडि मलाइ लाग्छ एउटा ठूलै विध्वंशकारी समूह लागेको हुनुपर्छ । नेपाल धेरै लडाइ लडिसकेको छ । अब नेपाल शान्ति चाहन्छ । नेपाल पुनः त्यस्तो गृह युद्धमा फस्न चाँहदैन । त्यसैले एमसीसी र नागरिकता विधेयकप्रतिको सोचमा परिवर्तन गरेर अगाडि बढ्नु पर्छ । नेपालमा अहिले जनताद्वारा निर्मित संविधान छ । आफै बनाएको संविधानलाई उल्लंघन गर्नु भनेको देशको विकासलाई रोक्नु हो । कुनै पनि संविधान निर्माण हुँदा शतप्रतिशत समर्थन हुनै सक्दैन । प्रजातन्त्रमा बहुमतको मान्यतालाई लिएर अगाडि बढेको हुन्छ । नेपालको संविधानमा त्यस्तो जनविरोधी कुराहरू छन् भने त्यसलाई जति पटक पनि संशोधन गर्ने प्राबधान छँदैछ नि ! यस्ता संवैधानिक प्रक्रिया नअपनाइ फेरी देशलाई गृहयुद्धतिर धकेल्ने कुरा कति देशहीतमा छ त ! त्यस्ता कुरालाई पनि गहिरो मनले सोचि दिनु पर्छ ।

एमसीसी आएको बेलामा निकै छलफल भएरै ल्याउन सहमत भएका थिए । तर पनि कसैलाई सैन्य कुराबारे शंका लाग्छ भने आफ्ना विचार राख्ने छूट त छँदैछ नि ! नागरिकता बारेको सोचमा परिवर्तन गरी अब उप्रान्त संविधानलाई शतप्रतिशत पालना गरी अगाडी बढ्दा आपसेआप नागरिकता सम्बन्धमा कुनै समस्या आउँदैन । यसै देशमा बाबुको नागरिकता भए पनि त्यसबाट जन्मेका सन्तान नागरिकता विहीन हुनु कति न्यायसंगत हुन्थ्यो त ! यसैलाई लिएर नेपाललाई अहिले भारत र चीनको बीचमा संतुलन कायम गर्नु एउटा चुनौती नै थपेको हेर्न सकिन्छ । यसैलाई लिएर चीनले पनि जथाभावी बोल्नु हुँदैन । नेपालको चुच्चे नक्सालाई चीनले मान्यता नदिनु यसकै आक्रोस त होइन ! निकट भविष्यमा हाम्रो प्रधानमन्त्रीको चीन भ्रमण हुँदै छ । यस भ्रमणबाट यस्ता सानातिना शंकाउपशंकालाई हटाउनु नै हुनेछ र पहिले जस्तै सहयोगको बातावरण बन्ने नै छ भने विश्वास लिन सकिन्छ । इतिश्री ।

> ***एमसीसीको फुलनेम 'मिलेनियम चैलेञ्ज कर्पोरेशन' रहेछ । यसलाई विकासशील तथा अल्पविकसित देशहरूले निकै शङ्काको दृष्टिले हेरि रहेका छन् । अमेरिका विश्वका देशहरूमध्ये सबभन्दा शक्तिशाली देश रहेछ । कतिपय देशमा बलजफ्ती आफ्ना सेना उतारेर त्यस देशलाई तहस नहस बनाइ दिन बेर लागेन । यसरी यस्ता अनुदान लिन देशहरू फुकीफुकी पाइला चाल्न चाहन्छन् । यूएसएसआर नटुत्रिएसम्म वामपन्थी धारको नेतृत्व उनैले गरेको थियो भने हाल यस धारको नेतृत्व चीनको हातमा आएको छ । पूँजीवादी धारका देशहरू साम्यवादी देशहरूलाई जहिले पनि तह लगाउन चाहन्छन् तर साम्यवादी देशहरूका शक्तिलाई देखेर एकैचोटी चाहे अनुसार गर्न सकिरहेका छैनन् । विश्वका अनेक ठाउँमा पनि यही दुई विचारधाराको बीचमा युद्ध चलिरहेछ ।***

# रहस्यमय रोग सेप्सिसको बढ्दो सङ्क्रमण

**प्रभा गौतम**

मानिसको शरीरमा लाग्ने विभिन्न रोगहरूमध्ये केही कम खतरनाक हुन्छन् त केही धेरै खतरनाक र घातक छन् । साधारणत केही रोग नियमित औषधि सेवनबाट निको हुन्छन् भने कतिपय निको नहुने पनि हुन्छन् । क्यान्सर, क्षयरोग, एचआइभी एड्स, मस्तिष्कघात, हृदयघात, कोभिड, डेङ्गुजस्ता रोगहरूबाट मानिसको ज्यानै पनि जान सक्छ । कतिपय रोगहरूका बारेमा आम मानिसहरू अनभिज्ञ छन् । 'सेप्सिस' एउटा यस्तो रोग हो, जसका बारेमा धेरैलाई थाहै नभएकाले यसलाई 'रहस्यमय रोग' पनि भन्ने गरिन्छ । आम सर्वसाधारण त के मेडिकल शिक्षा पढेका चिकित्सक वा स्वास्थ्यकर्मीमा समेत सेप्सिसका बारेमा अन्योलता रहेको पाइन्छ ।

पछिल्लो समय विकसित राष्ट्रसहित मध्यम र कम आय भएका मुलुकमा समेत भयावह र तीव्र गतिमा सेप्सिस रोग फैलिरहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर अर्बौं मानिस यस रोगको सिकार भएका छन् भने करोडौंको मृत्यु भएको छ । कुनै पनि भाइरल वा फङ्गलका सङ्क्रमणका कारण शरीरमा देखिने असामान्य प्रतिक्रिया नै सेप्सिस हो । मानिसको शरीरमा कुनै पनि रोगविरुद्ध दिइने एन्टिबायोटिकका कारण हुने सङ्क्रमण वा एलर्जीलाई सेप्सिस भनिन्छ ।


सेप्सिस कुनै रोग नभई रोगहरूको एकीकृत समूह हो । कडा, जटिल रोगको सङ्क्रमणले मात्र नभई साधारण सानो मानिने वा देखिने रोगको सङ्क्रमणबाट समेत सेप्सिस हुनसक्छ । यदि चिकित्सकले बिरामीको मृत्युका कारण सङ्क्रमण फैलिएर भएको जवाफ दिए बुझ्नुस् तपाइँको बिरामी सेप्सिसको सिकार भएको छ भनेर । साधारण अर्थमा सेप्सिस भनेको हाम्रो शरीरको कुनै अङ्गमा कुनै रोगको सङ्क्रमण भयो र त्यो सङ्क्रमणले शरीरका अन्य महत्वपूर्ण अङ्गमा असर पुऱ्याउने प्रक्रिया हो । यसलाई मेडिकल भाषामा सेप्सिस भनिन्छ । सेप्सिसलाई लाइफ थ्रेटनिङ अर्गान डिस्फक्सन पनि भनिन्छ ।

सङ्क्रमण हुँदैमा सेप्सिस भई हाल्दैन । तर, सही समयमै उपचार हुन सकेन र सङ्क्रमणले शरीरका अन्य अङ्गको कार्यलाई बाधा गर्ने थाल्यो भने सेप्सिस भएको भनी बुझ्नुपर्दछ । सेप्सिस सङ्क्रमणपछि आफ्नो शरीरको कार्यले आफ्नै शरीरका अन्य तन्तु र अङ्गहरूलाई चोट पुऱ्याउँछ । जिएसएको तथ्याङ्कअनुसार विश्वभर प्रत्येक २.८ सेकेन्डमा एकजनाको सेप्सिसका कारण मृत्यु हुने गरेको छ । अर्थात् विश्वभर पाँचमध्ये एक जनाको मृत्यु सेप्सिसबाट हुने गरेको छ ।

यसैगरी विश्वभरिमा सेप्सिसबाट बर्सेनि एक करोड १० लाख मानिसको मृत्यु हुने र चार करोड ९० लाख मानिस सेप्सिसबाट सङ्क्रमित र चार करोड ७० लाखदेखि पाँच करोड मानिस सेप्सिसबाट प्रभावित हुन्छन् । करिब ४० प्रतिशत पाँच वर्षमुनिका बालबालिका सेप्सिसबाट सङ्क्रमित हुने तथ्याङ्क छ । विश्वभर हुने मृत्युमध्ये २० प्रतिशत सेप्सिसको कारण भएको विश्व स्वास्थ्य सङ्गठनले पनि जनाएको छ ।

नेपालमा हरेक वर्ष आइसियूमा भर्ना भएकामध्ये ३० प्रतिशत बिरामीको मृत्यु सेप्सिसका कारण हुने गरेको एनसिसिडिएफले जनाएको छ । मानिसको शरीरमा रोग विरुद्व लड्ने तत्वहरूले गर्ने कार्य अस्वाभाविक रूपमा बढ्छ र त्यसको असरले रोग प्रतिरोधात्मक क्षमता (इम्युन पावर) कम हुँदै जाने अवस्थालाई सेप्सिसको पहिलो चरण वा 'सेप्सिस' भनिन्छ । यो अवस्थामा मानिसको फोक्सो, कलेजो र मिर्गौलालगायतका शरीरका महत्वपूर्ण अङ्गमा असर गर्दछ ।

अर्को चरण भनेको इमर्जेन्सी स्थिति अर्थात् थर्ड स्टेज जसलाई 'सेप्टिक सक' भनिन्छ । यसमा सङ्क्रमण तीव्र गतिले फैलिरहँदा शरीरका अङ्गलाई चाहिने रगत, अक्सिजन र पोषक तत्वलगायतका तत्वको कमी भई बिरामीको मृत्युसम्म हुन्छ । सेप्टिक सकको अवस्थामा बिरामीको मृत्युदर ३० देखि ५० प्रतिशतसम्म हुन्छ ।




### सेप्सिसका लक्षणहरू

सेप्सिसको लक्षणलाई पहिचान गरेर समयमै उपचार नगर्दा हामीले कल्पना गरेकोभन्दा भयावहको रुप लिन सक्छ । ब्याक्ट्रेरिया, रगतमा प्लेटलेट्स कम हुनु, पिसाबको मात्रा कम हुनु, श्वासप्रश्वासमा गाह्रो हुनु, मुटुको चालको काम गर्ने क्षमतामा कमी हुनु, छिटोछिटो श्वास फेर्नु, अर्धचेत हुनु, सोच्ने क्षमतामा परिवर्तन आउनु, चिसो लाग्नेजस्ता लक्षण देखिएमा सेप्सिस हुन सक्छ । यस्तो रोगको सङ्क्रमण भएका बिरामीमा ज्वरो आउने, छट्पटी हुनु वा बेचैनी हुने, श्वासप्रश्वासमा समस्या हुने, न्यून रक्तचाप वा मुटुको धड्कन छिटो बढ्नु (हाइपोटेन्सन), छालाबाट अत्यधिक पसिना आउने, चक्कर वा रिङ्गटा लाग्नेजस्ता लक्षणहरू पनि देखा पर्न सक्छ । शरीरमा यस्ता कुनै लक्षणहरू देखा परेमा तुरुन्तै चिकित्सकको सम्पर्कमा पुग्नु पर्दछ । सेप्सिसविरुद्ध जति चाँडो उपचार सुरु हुन्छ, निको हुने सम्भावना त्यति नै बढी हुन्छ ।

यी सेप्सिसका सामान्य लक्षणहरू देखेपछि हेलचेक्र्याइँ नगरी समयमै उपचार गर्नुपर्दछ । यदि गरिएन भने यसले 'सेप्टिक सक'को रुप लिन्छ र शरीरमा सङ्क्रमण फैलिएर बिरामीको ज्यानै जान सक्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विशेषगरी पाँच वर्षमुनिका बालबालिकामा सेप्सिसका कारण उनीहरूलाई खाना खुवाउन र पिसाब फेर्न गाह्रो हुने गर्दछ भने उनीहरूले बारम्बार बान्ता गर्ने गर्दछन् । बालबालिकाहरूमा सेप्सिस हुँदा छिटो छिटो श्वास फेर्नु, शरीरको अनियमित गति हुनु, छाला पहेँलो हुनु, शरीरको शक्ति कम हुनु, स्पर्श गर्दा चिसो महसुस हुने गर्दछ ।

शरीरमा सङ्क्रमण भई ज्यान नै जोखिममा पार्ने घातक सेप्सिसबारे समयमै सचेत हुनुपर्दछ । जुनसुकै उमेर, समूह र लिङ्गका मानिसलाई सेप्सिस हुनसक्छ । विशेषगरी रोग प्रतिरोधक क्षमता कम भएका, मधुमेही, क्यान्सर, अङ्ग प्रत्यारोपण भएका बिरामी, सघन उपचार कक्ष आइसियुका बिरामी, एचआइभी एड्सलागायत दीर्घ रोगका बिरामी, बुढाबुढी एवं बालबालिका उच्च जोखिममा पर्दछन् । गम्भीर घाइते भएका मानिस, वृद्ध र बालबालिका, गर्भवती र सुत्केरी, कलेजो, मिर्गौला रोगबाट पीडित बिरामीमा सेप्सिसको जोखिम बढी हुन्छ । सेप्सिससँग सम्बन्धित रोगहरूमा श्वासप्रश्वासको सक्रमण समावेश हुन्छ । निमोनिया वा फोक्सोको सङ्क्रमण, पेटको सङ्क्रमण, मृगौलाको सङ्क्रमण, रगतको सङ्क्रमण र घाउ चोट वा जलेको ठाउँबाट सङ्क्रमण फैलिन्छ । यदि कसैलाई सेप्सिसका लक्षणहरू देखिएमा चिकित्सकबाट रोगको निदान गर्न र यसको गम्भीरता पत्ता लगाउन विभिन्न परीक्षण गराउनु पर्दछ । रगत, पिसाब, खकार, घाउ, छातीको एक्सरे, सिटीस्क्यान, अल्ट्रासाउन्ड आवश्यक भएमा एमआरआईसमेत गर्नुपर्ने हुन्छ । सेप्सिस पहिचान भएको बिरामीले एक घन्टाभित्र उपचार पाएमा मृत्युदरमा १५ देखि २० प्रतिशतसम्म कमी गर्न सकिने चिकित्सकको भनाइ छ ।

### सेप्सिसबाट बच्ने उपाय

भनिन्छ नि रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो । केही सामान्य कुरामा ध्यान दिनसके सेप्सिसबाट बच्न सकिन्छ । यसका लागि आफ्नो जीवनशैलीमा परिवर्तन भने गर्नु पर्दछ ।

- प्रशस्त मात्रामा फलफूल, सागसब्जी, पोषणयुक्त अन्न, फ्याट कम भएका डेरी उत्पादनहरू र प्रोटिनयुक्त सन्तुलित आहार खाने,
- चिकित्सकले निर्देशन दिएअनुसार प्रेस्क्रिप्सनमा उल्लेखित औषधिहरू मात्र खाने,
- चिकित्सकले एन्टिबायोटिक, एन्टिभाइरल वा एन्टिफङ्गल औषधि सिफारिस गरेको छ भने चिकित्सकको निर्देशनहरू सावधानीपूर्वक पालना गर्ने यदि निको भएको महसुस भएमा पनि औषधि बीचैमा खान नछोड्ने । औषधिको पूरै डोज सेवन गर्ने,
- प्रत्येक वर्ष फ्लू र इन्फ्लुएन्जाका खोप लगाउने,
- साबुन र पानीले बारम्बार हात धुने । यदि साबुन र पानी उपलब्ध छैन भने सेनिटाइजर प्रयोग गर्ने । बिरामीलाई छुनुअघि र पछि सङ्क्रमित कुराहरू छोएपछि अनिवार्य हात धुने,
- घाउ र चोटपटकलाई सफा राख्ने र यो पूर्ण रूपमा निको नभएसम्म छोप्ने,
- सङ्क्रमित व्यक्तिहरूबाट टाढै रहने,
- धुम्रपान र मद्यपान सेवन नगर्ने,
- सङ्क्रमण भएको शङ्का लागेमा नजिकैको स्वास्थ्य संस्थामा गएर स्वास्थ्य सल्लाह लिने,
- सेप्सिसबारे जनचेतना फैलाउने ।

सेप्सिसको रोकथामका लागि सरसफाइ पहिलो सर्त हो भने दोस्रो सर्त जनचेतना । सेप्सिस सङ्क्रमण जति फैलिँदै गयो, त्यति जटिल बन्दै जाने रोग हो । अतः हाम्रो हरेक प्रयास सेप्सिसविरुद्ध लड्न, रोकथाम गर्न र प्रत्येक वर्ष करोडौंको जीवन बचाउनेतर्फ केन्द्रित हुनुपर्दछ । सर्तक रहौं, सेप्सिसबाट आफू पनि बाँचौं र अरूलाई पनि बचाऔं ।

### विश्व सेप्सिस दिवस

सेप्सिसबारे जनचेतना फैलाउने मूल उद्देश्यका साथ ग्लोबल सेप्सिस एलायन्स (जीएसए)ले सन् २०१२ देखि विश्वभर सेप्टेम्बर १३ लाई विश्व सेप्सिस दिवसका रूपमा मनाउने गरेको छ । नेपालमा पनि सन् २०१२ देखि नेपाल क्रिटिकल केयर डेभलपमेन्ट फाउन्डेसन (एनसिसिडिएफ), क्रिटिकल केयर नर्सिङ एसोसिएसन अफ नेपाल (सिसिएनएएन) र नेप्लिज सोसाइटी अफ क्रिटिकल केयर मेडिसिन (एनएससिसिएम) ले यस दिन विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी विश्व सेप्सिस दिवस मनाउने गरेका छन् ।

विगत झैं यस वर्ष 'सेप्सिसलाई रोकौं, जानौं, उपचार गरौं र निस्तेज पारौं' भन्ने सन्देशका साथ विश्व सेप्सिस दिवस नेपालमा पनि मनाइएको छ । सो अवसरमा सेप्सिस वाक र आइसियू सेप्सिस क्विजजस्ता जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा विभिन्न अस्पतालमा कार्यरत डाक्टर, नर्स तथा स्वास्थ्यकर्मीको सहभागिता रहेको छ ।

*(लेखक त्रिवि शिक्षण अस्पतालको स्टफ नर्स तथा सिसिएनएएनको महासचिव हुनुहुन्छ ।)*

# एमाले महासचिव चीन भ्रमण छोट्याएर स्वदेश फिर्ता

काठमाण्डु । संविधानसभाका अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनका कारण सो पार्टीका महासचिव शङ्कर पोखरेल आफ्नो जारी चीन भ्रमण छोट्याएर बुधबार स्वदेश फर्कनुभएको छ।

महासचिव पोखरेल नेतृत्वको टोली चीन भ्रमणमा रहँदा नेता नेम्वाङको निधन भएपछि भ्रमणका सबै कार्यक्रम रद्द गरिएको छ। हवाई टिकट मिलेपछि त्यहाँ रहेका अन्य नेता पनि छिट्टै स्वदेश फर्कने कार्यक्रम रहेको एमालेको केन्द्रीय प्रचारप्रसार विभागले जनाएको छ।रासस

# कांग्रेस केन्द्रीय कार्यसमिति बैठक असोज ४ गते

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक आगामी असोज ४ गते दिउँसो १:०० बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने भएको छ।

यस अघि असोज २ गते बस्ने भनिएकोमा उक्त बैठक असोज ४ गतेका लागि तोकिएको पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । उक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरूलाई उपस्थितिका लागि निर्देशानुसार अनुरोध गरिएको छ। रासस

# राप्रपाद्वारा काठमाडौँमा विरोध प्रदर्शन

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले काठमाडौँमा बुधबार बृहत् विरोध सभा तथा प्रदर्शन गरेको छ।

गौहत्या अन्त्य गर्नुपर्ने, सामाजिक सद्भाव कायम गर्नुपर्ने, भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने, महँगी नियन्त्रण गर्नुपर्ने र हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने माग राख्दै राप्रपासहित पार्टी निकट सङ्गठनले प्रदर्शन गरेको हो। देश र धर्मको रक्षा तथा भ्रष्टाचारको विपक्षमा राप्रपाले काठमाडौँको भृकुटीमण्डपदेखि शान्तिवाटिकासम्म र्‍याली निकालेको थियो।

भ्रष्टाचार नियन्त्रण, भ्रष्टाचार काण्डको पूर्ण छानबिन, सुशासनको प्रत्याभूति, शिथिल अर्थतन्त्रमा सुधार र स्वदेशमा रोजगारी सिर्जना, मूल्यवृद्धि नियन्त्रण गरी जनतालाई राहत प्रदान गरिनुपर्नेलगायतका विषयमा माग गर्दै प्रदर्शन गरिएको सो पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।रासस

# जलवायु परिवर्तनको असर नेपालका महिलामा बढीः डा राणा

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा आरजु राणा देउवाले जलवायु परिवर्तनको असरबाट नेपालका महिला बढी प्रभावित भएको भन्दै नविनतम प्रविधिमा उनीहरूको पहुँच बढाउनुपर्ने धारणा राख्नुभएको छ।

जापानको टोकियोमा 'द फाउण्डेशन अफ द वेलफेयर एण्ड एजुकेशन अफ द एसियन पिपुल'ले आयोजना गरेको एसियास्तरीय सम्मेलनमा मङ्गलबार नेपालका तर्फबाट सम्बोधन गर्दै सांसद डा राणाले जलवायु परिवर्तनले पारेको असर कम गर्न जडीबुटी प्रशोधनका लागि आधुनिक प्रविधिका साथै उनीहरूद्वारा उत्पादित परम्परागत औषधिजन्य वस्तुको बजार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको हो।



प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति समेत रहनुभएका डा राणाले जलवायु परिवर्तन विश्वको मुद्दा मात्रै नभइ नेपालका लागि ठूलो समस्या समेत भएको बताउनुभयो । उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको असरबाट असुरक्षित बनेका मुलुकमा नेपाल चौथो स्थानमा रहेको छ । मौसमी तथा बेमौसमी भारी वर्षाका कारण विभिन्न स्थानमा पहिरो र बाढीले यहाँको जनजीवनमा ठूलो समस्या सिर्जना गरेको छ।"

जर्मन वाच क्लाइमेट रिस्क इन्डेक्स २०२० का अनुसार सन् १९९९ देखि २०१८ सम्म जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी असर पार्ने मुलुकको सूचीमा नेपाल नवौं स्थानमा रहेको उहाँको भनाइ छ।

नेपाल सरकार जलवायु तथा मौसम विज्ञान विभागका अनुसार नेपालको तापक्रम सन् १९७१ देखि २०१४ सम्म वार्षिक औसत शुन्य दशमलव ०५६ डिग्री सेल्सियसले बढेको छ । सन् १९३५ देखि १९९१ को अवधिमा १५ वटा हिमताल बिस्फोट भएका छन् भने हालसम्म २१ वटा हिमताललाई जोखिमको सूचीमा राखिएको छ।

सन् २०१८ मा विभिन्न स्थानमा गएका पहिराका कारण करिब रु ७० अर्ब बराबरको क्षति हुनुका साथै हजारौँको घर, खेतीयोग्य जमिन र सडकमा क्षति पुगेको छ। वैज्ञानिकहरूले समेत बढ्दो तापक्रमले हिमाली क्षेत्रमा मलेरिया, डेङ्गुलगायतका रोगको जोखिम बढेको उहाँको भनाइ छ।

लैङ्गिकरूपमा पनि जलवायु परिवर्तनको प्रभाव र विपद् फरक तरिकाले पार्ने गरेको दृष्टान्त पेश गर्दै उहाँले जलवायु परिवर्तनले हाल भइरहेको लैङ्गिक असमानतालाई अझ बढावा दिएको र गरिबी, जातीय विभेद, घरबार तथा राज्यबिहीन भएका तथा अपाङ्गता भएकाहरूलाई अझ बढी प्रभाव पार्ने गरेको बताउनुभयो । जलवायु परिवर्तनको नकारात्मक असरका कारण नेपालका महिला र युवतीको जोखिम बढ्ने उहाँको भनाइ छ।

सन् २०१५ मा नेपाल सरकारले 'नेशनल एडप्सन प्रोग्राम अफ एक्सन' मार्फत अत्यावश्यक र तत्कालीन कामको पहिचान गरेको थियो । यसमा कृषि, जल, वनको एकीकृत व्यवस्थापनमार्फत् समुदायमा आधारित अनुकूलन र जैविक विविधता प्रबर्द्धन गर्ने, असुरक्षित समुदायको क्षमता अभिवृद्धि, कृषि क्षेत्रको विकास, समुदायमा आधारिता विपद् व्यवस्थापन संरचना निर्माणको आवश्यकता पहिचान गरेको थियो।

सो अवसरमा सांसद राणाले ग्रामीण क्षेत्रमा गैर कृषिजन्य रोजगारी अपर्याप्तताले महिलाहरूको क्षमता र आयस्रोतको विविधतामा असर पारेको उल्लेख गर्नुभयो । "श्रम बजारमा विद्यमान लैङ्गिक विभेदका कारण कृषि र गैर कृषि क्षेत्रमा कम पारिश्रमिकमै काम गर्नुपर्ने अवस्था अझै पनि छ", उहाँले भन्नुभयो, "नेपालको संविधानमै महिलालाई राजनीति र आर्थिक रूपमा समान अधिकारको सुनिश्चितता गरे पनि सामाजिक र प्रशासनिक क्षेत्रमा भने अझै देखिने गरी परिवर्तन हुन सकेको छैन।"

नेपालले विकासका क्षेत्रमा प्रतिबद्धता, सन्धी तथा सम्झौतामा उल्लेख लक्ष्य हासिल गर्नका लागि लैङ्गिक संवेदनशिलता सुनिश्चत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । हाल नेपालको बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या २८ दशमलव छ प्रतिशत रहेको तथा ठूलो सङ्ख्या कृषिमा आश्रित रहेकाले जलवायु परिवर्तनको असर ठूलो देखिएको उहाँको भनाइ छ । जलवायु परिवर्तनले कृषि, वन तथा पशुपालनका क्षेत्रका साथै प्राकृतिक स्रोतमा ठूलो असर पारेको भन्दै खानेपानी र सिँचाइको स्रोत प्रभावित भएको उहाँले बताउनुभयो । साथै जलविद्युतको अवसर प्राप्त र उर्जा सङ्कट समाधानमा पनि जलवायु परिवर्तनले बाधा उत्पान्न गरेको उहाँको भनाइ छ।

हाल नेपालले विश्वको जलवायु परिवर्तनमा एक प्रतिशतको योगदान दिएको छ। साथै नेपालले ४० प्रतिशत वनजङ्गल जोगाउनका लागि प्रतिबद्धता समेत जनाएको छ । यद्यपि, नेपालका मानिसमा जलवायु परिवर्तनको नकारात्मक असर भने ठूलो रहेको भन्दै ध्यानाकर्षण समेत गराउनुभयो।

सो कार्यक्रममा नेपालसहित भारत, कम्बोडिया, मंगोलिया, फिलिपिन्स, श्रीलंका, ताइवान, थाइल्याण्ड, भियतनाम, जापानलगायतका देशको सहभागिता रहेको टोकियोबाट डा राणाले जानकारी दिनुभयो । रासस

# अनलाइनबाट पनि नेता नेम्वाङलाई श्रद्धाञ्जलि दिन सकिने

काठमाण्डु । संविधानसभाका अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङप्रति शब्द श्रद्धाञ्जली व्यक्त गर्न चाहनेहरूका लागि सो पार्टीको वेबसाइटमा समेत लेख्नसक्ने व्यवस्था गरिएको छ।

पार्टीको वेबसाइट 'सिपिएनयुएमल डट ओआरजी'मा शब्द श्रद्धाञ्जलि लेख्न चाहनेका लागि उक्त व्यवस्था गरिएको एमालेको केन्द्रीय प्रचारप्रसार विभागले जनाएको छ। यो व्यवस्थाले स्व नेम्वाङप्रति श्रद्धाञ्जलि व्यक्त गर्न चाहने तर पार्टी कार्यालय जान असमर्थ शुभेच्छुक, शुभचिन्तकका लागि सुविधा पुग्ने अपेक्षा गरिएको छ।

पार्टीको मङ्गलबार बसेको सचिवालय बैठकले केन्द्रीय कार्यालय, प्रदेश कार्यालय, जिल्ला कार्यालय र इलाम क्षेत्र नं-२ को क्षेत्रीय कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको छ। हृदयाघातका कारण यही भदौ २६ गते निधन हुनुभएका नेता नेम्वाङको बिहीबार राजकीय सम्मानका लागि पशुपति आर्यघाटमा अन्त्येष्टि हुँदैछ। रासस

# सबै कर्मचारीले जोखिम मोल्न तयार भए परिणाममुखी नतिजा आउँछ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश र जनतालाई परिणाम दिन राजनीतिज्ञ र कर्मचारीतन्त्रले जोखिम उठाउन तयार हुनुपर्ने बताउनुभएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार आयोजित 'आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन समीक्षा' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले परिणाम दिन सक्दैन भन्नुभयो । उहाँले भन्नुभयो, "आफ्नो कार्यादेशअनुसार कर्मचारीले जोखिम उठाउन सक्नु पर्दछ।"

कार्यक्रममा 'रिपोर्ड कार्ड'को प्रस्तुतिपछि प्रधानमन्त्री दाहालले जोखिम उठाउन तयार हुने मनोविज्ञानले मात्र राम्रो परिणाम दिने बताउनुभयो। "हामी सबैले जिम्मेवारी बहन गर्नेतिरबाट सोच्नुपर्छ। जिम्मेवारी पन्छ्याउने प्रवृत्तिले परिणाम दिँदैन", उहाँले भन्नुभयो, "जिम्मेवारीमा जोखिम हुन्छ। सबै कर्मचारी जोखिम मोल्न तयार भए मात्रै परिणाममुखी नतिजा आउँछ।"

प्रधानमन्त्री दाहालले भन्नुभयो, "नीति तथा कार्यक्रम र बजेटको मासिक समीक्षा गर्ने प्रक्रियाको सुरूआत हुनु निकै राम्रो सुरूआत हो। राम्रो परिणाम ल्याउन आउने दिनहरूमा धेरै मेहनत गर्नुपर्ने देखिन्छ । यसले प्रभावकारी परिणाम दिन सकिन्छ।"

कार्यक्रममा प्रधानमन्त्री कार्यालयका सचिव डा गणेशप्रसाद पाण्डेले प्रस्तुत गर्नुभएको 'आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन समीक्षा' शीर्षकको रिपोर्ट कार्डमा गत वर्षको तुलनामा यस आर्थिक वर्षमा आर्थिक




परिसूचकहरूमा राम्रो सुधार आएको उल्लेख गरिएको छ। कार्यक्रममा दिइएको जानकारी अनुसार आव २०७८/७९ मा भुक्तानी सन्तुलन २५५.२६ अर्ब ऋणात्मक रहेकामा आव २०७९/८० मा सुधार आई २९०.५२ अर्ब भएको छ। त्यसैगरी वैदेशिक विनिमय सञ्चिति १२१५.८ अर्ब रहेकामा यस आर्थिक वर्षमा १५३९.३६ अर्ब रहेको छ । त्यस्तै, रेमिट्यान्स प्राप्ति गतवर्ष १००७.३१ रहेकामा यस वर्ष १२२०.५६ अर्ब रहेको सरकारको तथ्याङ्कमा उल्लेख गरिएको छ।

त्यस्तै, आव २०७८/७९ मा आयात १३१.३ अर्ब रहेकामा यसवर्ष १२९.२ अर्ब, निर्यात १४.८ अर्ब रहेकामा यस वर्ष १३.५ अर्ब, व्यापार सन्तुलन ११६.५ अर्ब ऋणात्मक रहेकामा यस वर्ष ११५.७ अर्ब ऋणात्मक देखिएको छ। बजेट खर्च २०७९ साउनमा १.२४ प्रतिशत रहेकामा २०८० साउनमा १.९ प्रतिशत देखिएको छ।

उक्त 'रिपोर्ट कार्ड'मा सरकारका विभिन्न मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका काम र त्यसको प्रगति विवरण उल्लेख गरिएको छ । यस आवमा अर्थ मन्त्रालयले नयाँ भन्सार ऐन मन्त्रिपरिषदमा पेस गरेको, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले लघु घरेलु तथा साना उद्यम विकास कार्यक्रम प्रवर्द्धन गर्न नीतिको मस्यौदा तयार पारिएको, भैरहवा विशेष आर्थिक क्षेत्रमा ३३ केभिए सवस्टेशन निर्माण गरिएको, सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक 'ए' सवस्टेशन निर्माण भएको कार्डमा उल्लेख छ।

त्यसैगरि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले साञ्जेन जलविद्युत् आयोजना (४२.५ मेगावाट) को ट्रान्समिसन लाइनको बाँकी कार्य सम्पन्न भएको, बबई सिँचाइ आयोजनाअन्तर्गत थप तीन किलोमिटर नहर निर्माण कार्य पूरा गरेकोलगायतको उल्लेख छ। रिपोर्ट कार्डमा सबै मन्त्रालयका माइलस्टोन, सम्पन्न भएका काम, चालु काम र प्रारम्भ नै नभएका कामको सूचि उल्लेख गरिएका छन्। त्यसमध्ये कृषि तथा पशुपक्षी विकास मन्त्रालयले १० माइलस्टोनमध्ये तीन सम्पन्न भएको, चार चालु अवस्थामा रहेको, तीन सुरू नभएको, खानेपानी मन्त्रालयका चार माइलस्टोनमध्ये तीन पूरा भएको र एउटा चालु अवस्थामा रहेको र गृह मन्त्रालयको नौ वटा माइलस्टोनमध्ये आठ वटा सम्पन्न भएको उल्लेख छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका तीन 'माइलस्टोन'मध्ये दुई सम्पन्न भएको र एउटा चालु अवस्थामा रहेको, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका आठ माइलस्टोनमध्ये दुई वटा सम्पन्न भएका र पाँच चालु अवस्थामा रहेको, युवा तथा खेलकुद मन्त्रालयका चार माइलस्टोनमध्ये दुई वटा सम्पन्न भएका र दुई चालु अवस्थामा रहेको, रक्षा मन्त्रालयको १५ माइलस्टोनमध्ये चार सम्पन्न भएका र दुई चालु अवस्थामा रहेको, वन तथा वातावरण मन्त्रालयको पाँचमध्ये तीन माइलस्टोन सम्पन्न भएको, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ३२ माइलस्टोनमध्ये २४ सम्पन्न भएका र आठ चालु अवस्थामा रहेको रिपोर्ट कार्डमा उल्लेख छ।रासस

# सर्वसाधारणको मनोबल बढाउने नीति ल्याए अर्थतन्त्रको समस्या कम हुन्छ : अध्यक्ष ढकाल

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले सर्वसाधरणको मनोबल बढाउने नीति ल्याए अर्थतन्त्रमा देखिएका समस्या कम हुने बताउनुभएको छ । काठमाण्डुमा बुधबार आयोजित एक कार्यक्रममा उहाँले सरकार र नियमनकारी निकायले उद्योगी व्यवसायी र जनतालाई आत्मविश्वास बढाउने नीति ल्याएर अर्थतन्त्रका वर्तमान समस्या समाधानतर्फ उन्मुख हुने बताउनुभयो।

पछिल्लो समय सरकार नियमकारी निकायले निजी क्षेत्रले उठाउँदै आएका समस्या र मागका विषयमा बेवास्ता गर्दा अर्थतन्त्रमा समस्या देखिएको उहाँको भनाइ छ। अध्यक्ष ढकालले सरकारले उद्योगी व्यवसायी र जनतालाई सकारात्मक बनाउने गरी नीति नल्याएसम्म अर्थतन्त्रमा समस्या समाधान हुन नसक्ने दाबी गर्नुभयो।

उहाँले नियमनकारी निकाय राष्ट्र बैंकले मौद्रिक नीति र सरकारले बजेटमा निजी क्षेत्रको माग सम्बोधन गर्न नसक्दा अर्थतन्त्रमा प्रभाव परेको धारणा राख्नुभयो । अध्यक्ष ढकालले निजी क्षेत्रका तीन वटा संस्थाले सरकारले ल्याउने बजेट र मौद्रिक नीतिमा एउटै स्वरमा सुझाव दिँदासमेत कार्यान्वयनमा आउन नसक्नु भनेको सरकारको निजी क्षेत्रलाई हेर्नु दृष्टिकोण सकारत्मक नहुनु भएको बताउनुभयो।




उहाँले भन्नुभयो, "निजी क्षेत्रका तीन वटा संस्थाले सरकारले ल्याउने बजेट र मौद्रिक नीतिमा एउटा भ्वाइसमा सुझाव दियौँ। त्यो सुझाव कार्यान्वयन हुन सकेन । निजी क्षेत्रको समस्याका विषयमा सरकार र नियमनकारी निकायले बेवास्ता गर्दा अर्थतन्त्रमा असजिलो आएको छ तर पछिल्लो समय धेरै आशाको किरण देखिएको छ।"

अध्यक्ष ढकालका अनुसार रेमिट्यान्स निरन्तररुपमा वृद्धि भएको छ भने पर्यटन आगमनमा पनि वृद्धि भएको छ। "बैंकहरुमा तरलता बढ्दै गएको छ। देशमा अब केबल सरकार र नियमनकारी निकायको तर्फबाट सर्वसाधारणको मनोबल बढाउने नियमनकारी निकायले सिस्टमलाई नबिगारी उद्योगी व्यवसायी र जनताको आत्मबल बढ्ने नीति अपनाउनुपर्ने खाँचो छ।", उहाँले भन्नुभयो।

अध्यक्ष ढकालले पछिल्लो समय अर्थतन्त्रमा सकारात्मक सङ्केत देखिएको बताउनुभयो । उहाँले रेमिट्यान्स, पर्यटन आगमन र बैंकिङ तरलतामा सहजता आएको बताउनुभयो । उहाँले अर्थतन्त्रका आयाममा सकारात्मक सङ्केत देखिएको भन्दै सरकारले सबैको मनोबल उच्च बनाउने गरी नीतिहरु ल्याउन आवश्यक रहेको बताउनुभयो।रासस

# बिपीको विचारलाई अवलम्बन गरेमात्रै पार्टी र सरकार बलियो हुन्छ : नेता कोइराला

धुलिखेल । नेपाली कांग्रेसका नेता डाक्टर शेखर कोइरालाले बिपीको विचारलाई अवलम्बन गरेर अगाडि बढ्नसके मात्रै पार्टी र सरकार बलियो हुने बताउनुभएको छ।

बिपी स्टडी युथ सर्कलले बुधबार काभ्रेपलाञ्चोकको धुलिखेलमा आयोजना गरेको 'बिपी जयन्तीका अवसरमा देशैभरिका युवाको विशेष विचार सम्मेलन'मा उहाँले आफूमा भएको अहमतालाई त्याग्न नसकेकाकारणबिग्रनेक्रमसुरुभएको बताउनुभयो । नेता कोइरालाले बिपीले भनेको विचारभन्दा ठीक विपरीत व्यक्तिवादी चरित्र, साम्प्रदायिकतामा रम्ने, स्वास्र्थीपन र इसारामा हिँड्ने व्यवहार बढी भएका कारण त्यसलाई त्याग्नसकेमा मात्रै सबैचिज बलियो हुने तर्क गर्नुभयो। "अहिले सबैमा स्वार्थीपन बढी भएका कारण सामूहिकतामा भन्दा पनि व्यक्तिवादी चरित्र हाबी भएर बिग्रँदै गएको छ", उहाँले भन्नुभयो, "पार्टी र सरकारमा भएकाले त्यसलाई त्याग्न सकेको खण्डमा जनताले सोचेको काम र कुरा पूरा गर्न सक्छौँ।"

पार्टीभित्र व्यक्तिवादी सोच बदल्दै सरकारमा पनि अर्थतन्त्रको सोच बदल्न आवश्यक रहेको उहाँको भनाइ छ । नेता कोइरालाले देशलाई बलियो बनाउन सङ्घीयतालाई पूर्ण कार्यान्वयन गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रदेशलाई शक्तिशाली बनाउन नसकेका कारण कमजोर बन्दै गएको बताउनुभयो।

छिट्टै प्रदेशलाई सङ्घबाट अधिकार सम्पन्न हुने नीति बनाउन आवश्यक रहेको बताउँदै उहाँले कोशी प्रदेशमा धर्मका नाममा जातीय लडाईंमा फस्दै गएको अवस्थाले सामाजिक सद्भावलाई खल्बलाउने प्रयास भइरहेकोप्रति सबै सचेत हुन आवश्यक रहेकोमा जोड दिनुभयो। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य मधु आचार्यले दर्शन छाड्ने तर त्यसलाई विचार, कार्यान्वयन, योजना र व्यवहारमा ढाल्न नसक्दा पछि परेको बताउनुभयो ।रासस

# 'दाहाललाई प्रधानमन्त्री बनाउँदा कांग्रेस कार्यकर्ताले चित्त दुखाउन हुँदैन'

लेखनाथ । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेस लोकतान्त्रिक र प्रतिस्पर्धात्मक राजनीतिमा विश्वास गर्ने पार्टी भएकाले द्वन्द्वमा लागेको माओवादीलाई शान्ति प्रक्रियामा ल्याएर देशको समृद्धितर्फ अगाडि बढिरहेको बताउनुभएको छ।

नेपाली कांग्रेस पोखरा महानगर समितिको दोस्रो महानगर सम्मेलनलाई बुधबार पोखरामा सम्बोधन गर्दै उहाँले देशको सबैभन्दा ठूलो राजनीतिक पार्टी नेपाली कांग्रेस भए पनि राजनीतिक व्यवस्थापन गर्दा पहिला माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रधानमन्त्री स्वीकार गर्दा कांग्रेसका कार्यकर्ताले चित्त दुखाउन नहुने बताउनुभयो । "कांग्रेस सबैको हित चाहने पार्टी हो, कांर्ग्रेस आम




जनताको सुख दुःखमा साथ दिने पार्टी नै हो", उहाँले भन्नुभयो, "जनताको भरविश्वास पनि कांग्रेस पार्टीमा रहेकाले नयाँ उम्रेका पीपलपाते पार्टी क्षणिकका लागि मात्र हुन्।"

मिसन २०८४ मा पनि कांग्रेस नै सबैभन्दा ठूलो पार्टी बन्ने दाबी गर्दै कार्यकर्तालाई विचलित नहुन उहाँले आग्रह गर्नुभयो । "नेपाली कांग्रेस सीमित व्यक्ति मात्र नभई सबै जनता धनी भएको देख्न चाहन्छ, महामानव वीपीको सिद्धान्त पनि जनता धनी हुन् भन्ने नै थियो", उहाँले भन्नुभयो। कांग्रेस भ्रष्टाचार विरोधी अभियानमा रहेको भन्दै उहाँले भ्रष्टाचारमा लाग्ने आफ्नै नेता तथा कार्यकर्तालाई पनि जोगाउने पक्षमा पार्टी नरहेको स्पष्ट गर्नुभयो ।रासस

# प्रदेश सरकारको योजनामा कोइकाको साथ रहने विश्वास : मुख्यमन्त्री पाण्डे

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारको योजनामा कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को साथ रहने विश्वास व्यक्त गर्नुभएको छ । मुख्यमन्त्री पाण्डे र कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को टोलीबीच आज मुख्यमन्त्री कार्यालयमा भएको भेटवार्तामा उहाँले प्रदेश सरकारले स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा कोइकाको सहयोगको अपेक्षा गरेको बताउनुभयो।

लामो समयदेखि नेपाल र कोरियाबीच सुमधुर सम्बन्ध रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले २०७२ को गोरखा भूकम्प, कोभिड- १९ जस्ता समयमा पनि कोइकाले नेपाललाई गरेको सहयोग स्मरणीय रहेको बताउनुभयो । गण्डकी प्रदेशको विकासका लागि कोरिया सरकार र कोइकासँगको साझेदारी महत्त्वपूर्ण रहने उहाँले विश्वास व्यक्त गर्नुभयो।

कोइकाका उपाध्यक्ष ली युन योङले कोरियन सरकार र कोइका गण्डकी प्रदेश सरकारसँग काम गर्न पाउँदा निकै खुसी रहेको बताउँदै सहकार्य हुने धारणा राख्नुभयो । गण्डकी प्रदेशको समस्यालाई सम्बोधन एवं त्यसका लागि प्रदेश सरकारसँग कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा आफूहरू लागेको उहाँले बताउनुभयो ।रासस

# उत्तर कोरियाली नेता किम र रुसी राष्ट्रपति पुटिनबीच भेटवार्ता

**एएफपी**

मस्को । उत्तर कोरियाली नेता किम जोङ उन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच साइबेरियाको अमुर क्षेत्रको रुसी अन्तरिक्ष केन्द्रमा भेट भएको छ। यो केन्द्र भ्लादिभोस्तकबाट करिब एक हजार किलोमिटर टाढा छ।

राष्ट्रपति पुटिनले उत्तर कोरियालाई उसको जासुसी उपग्रह कार्यक्रममा मद्दत गर्ने योजनाअनुसार यो स्थान छनौट गरिएको रुसी समाचार संस्था आरआईए नोवोस्तीले जनाएको छ।

नेता किम कालो लिमोजिनमा कस्मोड्रोमको रकेट प्रक्षेपण गर्ने भवनमा आइपुग्दा राष्ट्रपति पुटिनले स्वागत गर्नुभएको थियो। दुवै नेताले मुस्कुराउँदै हात मिलाए र केही शब्द आदानप्रदान गर्नुभयो। क्रेमलिनको आधिकारिक टेलिग्राम च्यानलमा पोस्ट गरिएको भिडियोमा दुई नेताले हात मिलाउँदै गरेको देखिन्छ। नेता किमले राष्ट्रपति पुटिनलाई उहाँको व्यस्त कार्यतालिकाका बाबजुद पनि भ्रमणका निम्ति निमन्त्रणा गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो। यसबाट उत्तर कोरिया र रुसबीचको रणनीतिक सम्बन्ध र दुवै देशका समान प्राथमिकता प्रतिबिम्बित भएका उहाँले उल्लेख गर्नुभयो।

यसअघि रुसी राष्ट्रपति पुटिन र उत्तर कोरियाका सर्वोच्च नेता किमबीच सन् २०१९ मा भेटवार्ता भएको थियो। आजको द्विपक्षीय वार्तामा हतियार र सैन्य प्रविधि सम्झौता हुने अपेक्षा गरिएको छ। अन्तरराष्ट्रिय जगत्ले एक्ल्याएका नेताद्वयले हतियार सम्झौता गर्न सक्ने प्रवल सम्भावना रहेको सुरक्षा विश्लेषकहरूले बताएका छन्। उनीहरूका अनुसार आफ्नो अभेद्य रेल चढेर रुस भ्रमणमा आउनु भएका नेता किमले उत्तर कोरियाका वरिष्ठ सैनिक अधिकारीलाई साथमा ल्याउनुको अर्थ हतियार वार्ता हो भन्ने स्पष्ट हुन्छ।




## रुसी राष्ट्रपतिलाई भेटेर नेता किम स्वदेश प्रस्थान

**एएफपी**

मस्को । आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनसँग शिखर वार्ता गरेर उत्तर कोरियाली सर्वोच्च नेता किन जोङ उन स्वदेश प्रस्थान गर्नुभएको छ।

भ्लादिभोस्तकबाट करिब एक हजार किलोमिटर टाढा रहेको साइबेरियाको अमुर क्षेत्रको रुसी अन्तरिक्ष केन्द्रमाराष्ट्रपति पुटिनसँग शिखर वार्ता गरेर नेता किम आफ्नो अभेद्य रेलमा स्वदेश फर्कनुभएको रुसी समाचार संस्था आरआईए नोवोस्तीले जनाएको छ। उहाँ राष्ट्रपति पुटिनको निमन्त्रणामा रुस भ्रमणमा हुनुहुन्थ्यो।

वार्ताका क्रममा उत्तर कोरियाली नेताले राष्ट्रपति पुटिनलाई मस्कोका सेनाले आफ्ना शत्रुहरूमाथि 'महान् विजय' हासिल गर्ने आश्वासन दिनुभएको रुसी समाचार समितिहरूले जनाएका छन्। उहाँले रुसी सेनाको प्रशंसा गर्दै युक्रेन युद्ध जित्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति पुटिनले दुई देशबीचको सहयोग र मत्री भविष्यमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्दै रुस र उत्तर कोरियाको समृद्धिको कामना गर्नुभएको थियो। उत्तरबाट हतियार आपूर्ति तथा रुसबाट जासुसी उपग्रह अन्तरिक्षमा प्रक्षेपण गर्नेप्रविधि हस्तान्तरण तथा खाद्यान्नलगायत सहयोगबारे विस्तृत विवरण प्राप्त भइसकेको छैन।

राष्ट्रपति पुटिनले पनि हतियारलगायत सबै विषयमा छलफल हुने पत्रकारहरूलाई बताउनु भएको छ। हतियार आपूर्ति वा सैन्य-प्राविधिक सहयोगबारे छलफल हुन्छ कि भन्ने पत्रकारहरूको जिज्ञासामा उहाँले त्यस्तो जवाफ दिनुभएको हो। नेता किमले उत्तर कोरियाको अन्तरिक्ष कार्यक्रम विकास गर्न चाहनुभएको बताउँदै त्यसनिम्ति भूउपग्रह सहयोग गर्ने उल्लेख गर्नुभयो। रुसी रक्षामन्त्री सर्गेई शोइगु गत जुलाईमा प्योङयाङको भ्रमणमा हुनुहुन्थ्यो। त्यसबेला र हालै द्विपक्षीय संयुक्त नौसैनिक अभ्यासको प्रस्ताव गरिएको छ। दुई नेताबीचको वार्तामा भाग यी विषयका साथै खाद्यान्न सहायतालगायत विषयमा छलफल हुने अपेक्षा गरिएको छ।

नेता किमका साथ कोरियाली पीपुल्स आर्मी मार्शल पाक जोङ चोन र युद्धक पदार्थ उद्योग विभागका निर्देशक जो चुन योँङलगायत उच्च सैन्य अधिकारीहरू रहेकाले आपसी सैन्य सहयोग आदानप्रदानमा वार्ता केन्द्रित हुने प्रायः निश्चित रहेको विश्लेषकहरू बताउँछन्।

युक्रेनविरुद्धको युद्धमा रुसलाई गोला बारूदलगायत हतियारको धेरै आवश्यकता परेको छ। विश्वका सबैभन्दा धेरै सैन्य सामर्थ्य भएका देशमध्येको एक उत्तर कोरियाले रूसलाई आफूसँग भएका तोप, गोली र रकेट प्रस्ताव गर्ने सम्भावना छ।

प्योङयाङले पुराना क्षेप्यास्त्र पनि प्रदान गर्नसक्ने विश्लेषकहरू बताउछन्। उत्तर कोरियाको हतियार भण्डारमा रुसलाई चाहिने यथेष्ट उपकरण छन् किनभने उत्तर कोरियाले सन् १९५३ मा कोरियाली युद्ध समाप्त भएयता कुनै युद्ध लडेको छैन। यसैबीच, उत्तर कोरियाली नेता रुसमा रहेका बेला दक्षिण कोरिया र जापानले उत्तर कोरियाको पूर्वी तटबाट प्योङ्याङले छोटो दुरीका दुई वटा क्षेप्यास्त्र प्रक्षेपण गरेको घोषणा गरेका छन्।

# विश्वकप छनोटमा अर्जेन्टिना र ब्राजिलको जित

एजेन्सी - विश्वकप विजेता अर्जेन्टिना र ब्राजिलले सन् २०२६ मा हुने फिफा विश्वकपको छनोटमा जित हासिल गरेका छन्। अर्जेन्टिनाले बोलिभियालाई ३-० ले हरायो भने ब्राजिलले खेलको अन्तिमतिर गोल गर्दै पेरुलाई १-० ले हराएको हो।



समुन्द्र सतह भन्दा ३ हजार ६ सय मिटर माथि रहेको बोलिभियाको राजधानी लापाजमा भएको खेल अर्जेन्टिनाको लागि सधैं चुनौतीपूर्ण हुने गर्थ्यो। तर कप्तान लियोनेल मेस्सी बिना नै मैदान उत्रिएको अर्जेन्टिनालाई यो पटक भने जित निकाल्न सहजै रह्यो।

३१औं मिनेटमा अर्जेन्टिनाले एन्जो फर्नान्डेजको गोलमा अग्रता बनाएको थियो। उनले यस खेलमा कप्तान डी मारियाको पासमा गोल गरेका थिए। त्यसपछि बोलिभियाका रोबर्टो फर्नान्डेजले पहिलो हाफमा रातो कार्ड पाएपछि बोलिभिया १० खेलाडीमा सिमित भएको थियो।

४२औं मिनेटमा निको टाग्लियाफिकोले आफ्नो अन्तराष्ट्रिय क्यारियरको पहिलो गोल गर्दा अर्जेन्टिनाले अग्रता दोब्बर बनायो। उनले पनि डी मारियाकै पासमा गोल गरेका थिए।

यस्तै दोस्रो हाफमा पनि अर्जेन्टिनाले खेलमा आफ्नो प्रभुत्व जनाइरह्यो। खेलको ८३औं मिनेट निको गोन्जालेजले गोल गर्दै अर्जेन्टिनाको जित सुनिश्चित गरे। यस्तै पेरुमा भएको खेलमा ब्राजिलले घेरलु टोलीलाई हराउँदा मार्किन्हसले ९०औं मिनेटमा गोल गरे। ब्राजिलले धेरै नै संघर्ष गर्नु परेको खेलमा मार्किन्हसले नेयमारको कर्नरमा हेडमार्फत गोल गर्दै जित दिलाएका थिए। उता उरुग्वे भने इक्वेडर सँग २-१ ले पराजित हुन पुग्यो। इक्वेडरलाई जिताउन फेलिक्स टोरसले दुवै गोल गरे।

छनोटको दुई चरणको खेल सकिँदा ब्राजिल ६ अंक सहित शीर्षस्थानमा छ। अर्जेन्टिनाको समान ६ अंक भएपनि गोल अन्तरको आधारमा दोस्रो स्थानमा छ। कोलम्बियाको ४ अंक छ भने उरुग्वे र भेनेजुयलाको समान ३-३ अंक छ।

# बेल्जियम र इटालीको जित

एजेन्सी - यूईएफए युरो २०२४ छनोटको समूह चरणमा मंगलबार बेल्जियम र इटालीले जित हासिल गरेका छन्। समूह एफ मा रहेको बेल्जियमले एस्टोनियामाथि ५-० को फराकिलो जित निकालेको हो। बेल्जियमलाई जिताउन रोमेलु लुकाकुले दुई, जान भर्टोङ्गन, चार्ल्स डे केटेलेर र लिआन्ड्रो ट्रोसार्डले एक-एक गोल गरेका हुन्। बेल्जियम पाँच खेलमा १३ अंक सहित शीर्ष स्थानमा छ। समान पाँच खेलमा १३ अंक नै रहेको अष्ट्रिया गोल अन्तरका आधारमा दोस्रो स्थानमा छ। अष्ट्रियाले गएराति नै स्वीडेनलाई ३-१ ले हराएको थियो।




उता समूह सि मा इटालीले युक्रेनलाई २-१ ले पराजित गर्यो। इटालीको जितमा दुवै गोल डाभिडे फ्राटेसीले गरे। युक्रेनका लागि एक सान्त्वना गोल अन्द्रिय यार्मोलेन्कोले गरेका थिए। समूहमा इंल्याण्ड पाँच खेलमा १३ अंक सहित शीर्ष स्थानमा छ। त्यसपछि इटाली, युक्रेन र नर्थ म्यासेडोनियाको समान सात अंक छ। युक्रेनले इटाली र नर्थ म्यासेडोनिया भन्दा एक खेल कम खेलेको छ।

# नयाँ नक्साले हिन्द-प्रशान्त क्षेत्रमा तनाव बढाउँदै

**एएनआई**

क्यानबेरा । चीनले हालै जारी गरेको राजनीतिक नक्साले हिन्द-प्रशान्त क्षेत्रका देशको सार्वभौमसत्ता संरक्षणमा तनाव बढाउने भएको छ। बेइजिङको निर्णयले यस क्षेत्रमा द्वन्द्व भड्काउने भएकाले टकराबको बाटो त्यागेर अघि बढ्नु चीनका निम्ति पनि लाभदायी हुने विश्लेषक बताउँछन्।



चीनको पछिल्लो कदमले दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)का सदस्य मुलुक रुष्ट भएका छन्भने बेइजिङका एशियाली प्रतिद्वन्द्वी जापान र भारतले पनि असन्तुष्टि जनाएका छन्। कूटनीतिक कामको उच्च सम्भावना छ।

चीनले नयाँ नक्सामार्फत दक्षिण चीन सागरका साथै जापान र भारतका केही भागसहित ९० भन्दा बढी क्षेत्रमा दाबी गरेपछि हिन्द-प्रशान्त क्षेत्रमा कूटनीतिक भिडन्त र सैन्य झडपसँगै हुने आशङ्का अष्ट्रेलियन नेसनल युनिभर्सिटीका कानुनका प्राध्यापक डोनाल्ड रोथवेल व्यक्त गर्नुहुन्छ।

चीन र अमेरिकाबीच पहिलेदेखि नै जारी द्वन्द्वमा अमेरिकाले आसियान मुलुकको साथ पाउने उहाँ बताउनुहुन्छ। हिन्द-प्रशान्त क्षेत्रका साथै चीन र भारतबीच तनाव हुन नदिन कूटनीतिक प्रयास हुनुपर्नेमा उहाँको जोड छ।

चिनियाँ नक्साले सशस्त्र द्वन्द्वलाई बढावा दिने प्राध्यापक रोथवेल ठान्नुहुन्छ। चिनियाँ जनमुक्ति सेनाले नयाँ नक्साका आधारमा चीनको सार्वभौमसत्ता र क्षेत्राधिकारको रक्षामा जोड दिन खोज्नेछन् जसले टकराव निम्त्याउने छ। आसियान मुलुकका डुङ्गा र पानीजहाजको चीनले आफ्नो दाबी गरेको जलक्षेत्रमा रोकिएपछि द्वन्द्व बढ्ने उहाँ बताउनुहुन्छ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले चिनियाँ तटरक्षकले हालै गरेको कारवाहीको विरोध गर्नुभएको छ। उहाँले चीनसँग सङ्घर्ष नचाहेको स्पष्ट गर्दै आफ्नो समुद्री अधिकार सुनिश्चित हुनुपर्ने बताउनुभएको छ। आफ्नो समुद्री क्षेत्राधिकारलाई लिएर मलेसियाले पनि आवाज उठाएको छ। उसले चीनको दाबीलाई मान्यता नदिने स्पष्ट पारेको छ। गत बिहीबार इन्डोनेसियाको राजधानी जाकार्तामा आसियान शिखर सम्मेलनका क्रममा भएको पूर्वी एसिया र आसियान-भारत शिखर सम्मेलनलाई सम्बोधन गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीले चीनलाई कडा सन्देश पठाउँदै कोभिड-१९ पछिको विधिमा आधारित विश्व व्यवस्थाका पक्षमा लाग्न आसिन नेताहरूलाई आह्वान गर्नुभएको थियो। उहाँले सबै देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका संयुक्त प्रयास अपरिहार्य भएको बताउनुभयो।

यसअघि नै भारतको विदेश मन्त्रालयले उक्त नक्साप्रति आपत्ति जनाउँदै आधारहीन नक्साले आपसी सम्बन्धमा आघात पुग्ने बताएको थियो। नक्सा जारी भएपछि चीनसँगको सीमा क्षेत्रमा भारतले सैन्य अभ्यास आरम्भ गरिसकेको छ। यस्ता गतिविधिले जटिलता थप्ने प्राध्यापक रोथवेल बताउनुहुन्छ।

चीनको प्राकृतिक संसाधन मन्त्रालयले प्रकाशन गरेको नक्साको नयाँ संस्करणबाट असन्तुष्ट भएका आसियानका पाँच सदस्य मलेसिया, फिलिपिन्स, इन्डोनेसिया, भियतनाम र ब्रुनाईले सार्वजनिक वक्तव्य जारी गरेर चीनको आलोचना गरेका थिए।

दक्षिण अफ्रिकाको जोहानेसबर्गमा भएको ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित ब्रिक्स शिखर सम्मेलनमा चीनका राष्ट्रपति सी चिनफिङले 'आधिपत्यवाद चीनको डीएनएमा छैन' भने पनि नयाँ नक्साबाट उक्त भनाइको खण्डन भएको आसियान नेताहरूले बताएका थिए।

"फिलिपिन्सले चीनको मानक नक्साको २०२३ संस्करणलाई अस्वीकार गर्दछ ...फिलिपिन्सका विशेषता र सामुद्रिक क्षेत्रहरूमा चीनको कथित सार्वभौमसत्ता र क्षेत्राधिकारलाई वैधानिक बनाउने यो पछिल्लो प्रयासको अन्तरराष्ट्रिय कानून, विशेष गरी सन् १९८२को संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गत कुनै आधार छैन," मनिलाले एक वक्तव्यमा भनेको थियो। यसैबीच, चीनले सम्बद्ध सबैलाई वस्तुनिष्ठ, संयमित हुन आह्वान गर्दै आफ्ना नागरिकको सुविधा एवं जानकारीका निम्ति नयाँ नक्सा जारी गरिएको स्पष्ट गरेको छ।

## हनोईको एक अपार्टमेन्टमा आगलागी हुँदा दर्जनौंको मृत्यु

**सिन्ह्वा**

हनोई। भियतनामको राजधानी हनोईको एक आवासीय भवनमा आगलागी हुँदा दर्जनौं व्यक्तिको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले बुधबार जनाएका छन्।

मोटरसाइकलले खचाखच भरिएको १० तले भवनको पार्किङ फ्लोरमा स्थानीय समयअनुसार मङ्गलबार मध्यरातअघि आगलागी सुरु भएको प्रत्यक्षदर्शीले बताएका छन्।

भियतनामको सरकारी समाचार एजेन्सीका अनुसार १०० भन्दा बढी व्यक्ति भाग्न सफल भएका छन् वा उद्धारकर्ताहरूले उनीहरूलाई भवनबाट बाहिर निकालेका छन्। अधिकारीहरूले ५४ जनालाई अस्पताल पुऱ्याएका छन्।

सार्वजनिक सुरक्षा उपमन्त्रीले भान टुयेनले आगलागीबाट ठूलो जनधनको क्षति भएको बताउनुभएको छ। मृत्यु हुनेमा कम्तीमा तीन जना बालबालिका रहेको बताइएको छ। "मैले सहायताको लागि धेरै चिच्याएको सुनें। हामीले उनीहरूलाई केही सहयोग गर्न सकेनौं," भवन नजिकै बस्ने होवा नाम जनाउने एक महिलाले भन्नुभयो। "अपार्टमेन्ट यति बन्द छ कि भाग्ने कुनै बाटो छैन, पीडितहरूलाई बाहिर निस्कन असम्भव छ," उहाँले एएफपीसँग भन्नुभयो।

# श्रीलंकालाई हराउँदै भारत फाइनलमा

एजेन्सी - भारतले एसिया कपको सुपर फोर खेलमा घेरलु टोली श्रीलंकालाई ४१ रनले हराउँदै फाइनलमा स्थान बनाएको छ। भारतले एक खेल अगावै ४ अंकका साथ फाइनलमा स्थान बनाएको हो। जितको लागि २ सय १४ रनको विजयी लक्ष्य पछ्याएको श्रीलंका ४१.३ ओभरमा १ सय ७२ रनमा अल आउट भयो।

श्रीलंकाका युवा अलराउन्डर दुनिथ वेलालागेले ४६ बलमा ३ चौका र १ छक्कासहित ४२ रनमा नटआउट रहेपनि जिताउन सकेनन्। दुनिथले बलिङमा पाँच विकेट समेत लिएका थिए।

धनन्जय डि सिल्भाले ६६ बलमा ५ चौकासहित ४१ रनमा आउट भए। भारतलाई तीव्र गतिका बलर जस्प्रित बुमराहले उत्कृष्ट सुरुवात दिलाएका थिए। बुमराहले तेस्रो ओभरको पहिलो बलमै ओपनर पाथुम निसांकालाई विकेटकिपर लोकेश राहुलबाट ६ रनमा क्याच गराए। बुमराहकै बलमा कुशल मेन्डिस १५ रनमा वैकल्पिक फिल्डर सूर्यकुमार यादवबाट क्याच आउट भए।

मोहम्मद शिराजले ओपनर दिमुथ करुणारत्नेलाई फस्ट सिलिपमा शुभमन गिलबाट २ रनमा क्याच गराएपछि श्रीलंका ७.१ ओभरमा २५-३ को अवस्थामा पुगेको थियो। सदिरा समाराविक्रमा ३१ बलमा १ चौकासहित १७ रनमा राहुलबाट स्टम्पिङ आउट भए। कुलदीप यादवको बलमा ठूलो सट खेल्ने धुनमा उनी मिस भएपछि आउट हुन पुगेका थिए।

चरिथ असलंका ३५ बलमा २ चाकासहित २२ रनमा कुलदीपकै बलमा आउट भए। रविन्द्र जडेजाले कप्तान दासुन शानकालाई फस्ट स्लिपमा रोहित शर्माबाट ९ रनमा क्याच गराएपछि श्रीलंका २५.१ ओभरमा ९९-६ को अवस्थामा पुगेको थियो।

सातौं विकेटका लागि धनन्जय डि सिल्भा र दुनीथले ७५ बलमा ६३ रनको साझेदारी गरेका थिए। रविन्द्र जडेजाको बलमा डि सिल्भा मिडअनमा गिलबाट क्याच आउट भए। सिल्भाको विकेटसँगै जितको सम्भावना लगभग समाप्त भएको थियो।

भारतका कुलदीप यादवले ९.३ ओभरमा ४३ रन खर्चेर ४ विकेट लिए। रविन्द्र जडेजाले १० ओभरमा ३३ रन खर्चेर २ विकेट लिए। जस्प्रित बुमराहले दुई, हार्दिक पान्ड्या र मोहम्मद शिराजले एक एक विकेट लिए।



त्यसअघि कोलोम्बोमा टस जितेर पहिला ब्याटिङ रोजेको भारत ४९.१ ओभरमा २ सय १३ रनमा अल आउट भएको थियो। भारतका कप्तान रोहित शर्माले ४८ बलमा ७ चौका र २ छक्कासहित सर्वाधिक ५३ रन बनाए।

भारतलाई ओपनर शुभमन गिल र रोहित शर्माले ११.१ ओभरमा ८० रन जोड्दै उत्कृष्ट सुरुवात दिलाएका थिए। तर श्रीलंकाको स्पिन आक्रामण सामु भारतीय ब्याटिङ चल्न सकेन। युवा स्पिनर दुनिथ वेलालागे र पार्टटाइम स्पिनर चरिथ असलंकाले सानदार बलिङ गर्दै मध्यम योगफलमै रोकेका थिए।

दुनीथले आफ्नो पहिलो बलमै शुभमन गिललाई १९ रनमा बोल्ड गर्दै भारतको साझेदारीमा ब्रेक लगाएका थिए। भारतका शीर्ष चार ब्याटरलाई आउट गर्दै दुनीथले श्रीलंकालाई खेलमा हाबी बनाएका थिए।

दुनिथले १४ औं ओभरको पाँचौं बलमा विराट कोहलीलाई ३ रनमा दासुन शानकाबाट क्याच आउट गराए। १६ औं ओभरको पहिलो बलमा उनले रोहित शर्मालाई बोल्ड गर्दै महत्वपूर्ण सफलता दिलाएका थिए। लोकेश राहुललाई दुनीथले ३९ रनमा कट एण्ड बोल्ड आउट गरेका थिए।

उनले ३६ औं ओभरको अन्तिम बलमा हार्दिक पान्ड्यालाई विकेटकिपर कुशल मेन्डिसबाट पाँच रनमा क्याच आउट गराउँदै पाँच विकेट पूरा गरे। अम्पायरले आउट नदिएपनि श्रीलंकाले रिभ्यु लिँदै हार्दिकलाई पेभेलिएन फर्काएको थियो।

अर्को एन्डबाट असंलकाले उत्कृष्ट बलिङ गरे। असंलकाको ३५ औं ओभरको दोस्रो बलमा ईशान किशन ३३ रनमा क्याच गराउँदै महत्वपूर्ण सफलता दिलाए। ईशानले ६१ बलमा १ चौका र १ छक्का प्रहार गरे। दुनीथले एक्स्ट्रा कभरमा सानदार क्याच लिएका थिए। असलंकाले रविन्द्र जडेजालाई ४ रनमै क्याच आउट गराए।

असंलाकाले जस्प्रित बुमराहलाई ५ रनमा बोल्ड आउट गरे। बुमराहलाई आउट गरेको अर्को बलमा कुलदीप यादव स्लिपमा शून्यमा क्याच आउट भए। श्रीलंकाका २० वर्षीय युवा स्पिनर दुनीथ वेलालागेले १० ओभरमा १ मेडनसहित ४० रन खर्चेर ५ विकेट लिए।

## मोरक्को भूकम्पः

# दुई हजार नौ सयभन्दा बढीको मृत्यु, खोज तथा उद्धार रोकिँदै

**एएफपी**

रबात। मोरक्कोमा भूकम्पबाट मृत्यु हुनेको सङ्ख्या दुई हजार नौ सय नाघेको छ। सबैभन्दा धेरै अमूल्य जीवन दक्षिणी मराकेसमा भएको गृह मन्त्रालयका अधिकारीहरूले बताएका छन्। खोज तथा उद्धारका काम पनि अब स्थगन गरिने उनीहरूले बताएका छन्।

पर्यटकीय नगर मराकेसभन्दा ७२ किलोमिटर दक्षिणपश्चिममा केन्द्रविन्दु बनाएर शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पको विनाश सबैभन्दा धेरै मराकेस र आसपासका क्षेत्रमा नै भएको छ। लाखौं घरबारविहीन भएका छन्।

भूकम्पबाट बचेकाहरू फेला पार्ने सम्भावना घट्दै गएपछि उद्धार टोलीहरूले देशका पहाडी गाउँमा राहत सामग्री पुऱ्याउने प्रयासलाई तीव्र गतिमा अघिबढाएका छन्। यद्यपि खोज तथा टोलीहरू अझै पनि जीवित भेटिने आशमा भग्नावशेष खोजिरहेका छन्। राहत सामग्रीले भरिएका सवारी साधन पहाडी सडकहरूमा लस्कर लागेर गइरहेका छन्।

मराकेसको दक्षिणका सबैभन्दा बढी प्रभावित क्षेत्रमा घरबारविहीन भएकाहरूका लागि त्रिपालमा आवासको व्यवस्था गरिएको छ। उद्यान तथा सार्वजनिक स्थानमा अस्थायी आश्रयस्थल निर्माण गरेर आवासको व्यवस्था गरिएको छ। गत शुक्रबारको शक्तिशाली भूकम्पमा परी दुई हजार नौ सय एक जनाको मृत्यु भएको तथा पाँच हजार पाँच सय ३० जना घाइते भएका छन्। गृह मन्त्रालयका अनुसार घाइतेमध्ये एक हजार चार सय जनाको अवस्था गम्भीर छ।



भैचालोमा ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल-हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै उक्त मन्त्रालयले मराकेस, अगादिर, कासाब्लाङ्का, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएका जनाएको छ। भूकम्पको केन्द्रविन्दु रहेको अल-हौज प्रान्तमा उद्धार तथा राहत सामग्री पुऱ्याउन कठिन भएको छ। सडक अवरुद्ध हुँदा विशाल यन्त्र लैजान नसकिएको उद्धारर्मीहरूले बताएका छन्। यद्यपि अन्य प्रभावित स्थलमा युद्धस्तरमा राहत सामग्रीसहितका टोली परिचालन भएका छन्।

# व्यवस्थित पशु बधशालाप्रति महानगरको चासो




नारायणगढ । महानगरपालिकाभित्र व्यवस्थित पशु बधशाला निर्माणका लागि भरतपुर महानगरले चासो देखाएको छ । महानगरपालिकाभित्र रहेका पशु बधशाला व्यवस्थित नभइरहेको अवस्थामा बधशाला व्यवस्थित गर्न महानगरले तयारी थालेको हो ।

उपभोक्ताको गुनासो बढेसँगै महानगरले उपप्रमुख चित्रसेन अधिकारीको संयोजनमा सात सदस्यीय 'पशु बधशाला व्यवस्थापन कार्यदल' गठन गरेको छ । आर्थिक प्रशासन महाशाखा प्रमुखसहित पशु बधशाला रहेका वडाका वडाध्यक्षहरू सदस्य रहने गरी कार्यदल गठन गरिएको कार्यदलका संयोजक अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार समितिले महानगरभित्र कति पशु बधशाला छन् र त्यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्नेछ । अध्ययनसँगै व्यवस्थित पशु बधशाला निर्माणका लागि उचित स्थानमा जग्गाको व्यवस्थापन गर्ने उहाँले जानकारी दिनुभयो ।

बजार अनुगमन समितिको संयोजकसमेत रहनुभएका अधिकारीले पशु बधशाला अनुगमनका क्रममा बधशाला र मासु जाँच ऐन, २०५५ र नियमावली, २०५७ अनुसार कुनै पनि बधशाला नरहेका बताउनुभयो। उहाँले भन्नुभयो, "पशु अधिकार, क्वारेन्टिन र स्वास्थ्य परीक्षण नगरी पशु बध गर्ने गरेको पाइएको छ।"

महानगरको घनाबस्ती र मुख्य बजारी क्षेत्रमा धेरै मात्रामा पशुको बध गर्रिदै आइएको जनाउँदै उपप्रमुख अधिकारीले अनुगमनका क्रममा बधशालाको सरसफाइ र व्यवस्थापन राम्रो नभएको पाइएको जानकारी दिनुभयो । "नारायणगढ बजारका पशु बध गरेर निस्किएको फोहोरलाई पुङ्गी खोलामा विसर्जन गर्ने गरिएको पाइएको छ", उहाँले भन्नुभयो, "यसलाई रोक्नका लागि बधशाला व्यवस्थापन आवश्यक रहेकाले सो कार्यमा लागेका छौँ।"

पशु बधशालाको स्थापना र सञ्चालनका लागि बध गर्न ल्याइएका पशुहरूको स्वास्थ्य परीक्षण गर्नु अघि र स्वास्थ्य परीक्षण गरी बध गर्न योग्य पशु राख्ने छुट्टाछुट्टै स्थानको व्यवस्था, बिरामी पशु राख्ने अलग्गै स्थान, बध गरेपछि रगत निथोर्ने, छाला काढ्ने, खुइल्याउने, मासु सफा गर्ने, आन्द्रा भुँडी तह लगाउने र सफा गर्ने छुट्टै स्थानको व्यवस्था भएको हुनुपर्ने मापदण्डमा उल्लेख छ ।रासस

# गोकर्णेश्वर मेलाको तयारी पूरा

काठमाण्डु । प्रत्येक वर्ष भाद्र कृष्ण औँशीका दिन राजधानीको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा लाग्ने मेलाको सबै तयारी पूरा भएको छ। बाबुको मुख हेर्ने दिनका रूपमा प्रचलित यस पर्वका दिन बाबु नहुनेहरूले विभिन्न पवित्रस्थानमा गई आफ्ना बाबुको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिने वैदिक सनातनी परम्परा छ।

यसै अनुसार गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा यही भदौ २८ गते बिहीबार लाखौं भक्तजन पितृप्रति सम्मान प्रकट गर्न आउँदै छन् । मेलाका लागि लागि मंगलबारदेखि तयारी गरिएको छ । उत्तरगया भनेर चिनिने गोकर्णेश्वर महादेव मन्दिर परिसरमा पितृ सम्मान महादेव मन्दिर परिसरमा दिवङ्गत बाबुको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेको भीड लाग्छ । मेला व्यवस्थापन गर्न आजैदेखि २०० जना स्वयंसेवक परिचालन गरिएको जानकारी पनि उहाँले दिनुभयो । मेलाका लागि बिहीबार नेपाल मेडिकल कलेज र माकालबारी सानो पुल क्षेत्रमै सार्वजनिक यातायात रोकी मन्दिर क्षेत्रमा प्रवेश गर्न नदिने गरी तयारी भएको समितिले जनाएको छ ।

यस अवसरमा रसुवाको वेत्रावती, देवघाटलगायत दोभान र त्रिवेणीमा पनि पितृप्रति श्रद्धा भक्तिसाथ श्राद्ध, तर्पण गर्ने भक्तजनको लर्को लाग्छ । 'पितृदेवो भव' भन्ने धार्मिक मान्यताअनुरूप



दिवसको मेलाका लागि सबै तयारी पूरा भएको मन्दिर क्षेत्र प्रबन्ध समितिको अध्यक्षसमेत रहनुभएका गोकर्णेश्वर नगरपालिका-४ का वडाध्यक्ष जयराम महतले राससलाई जानकारी दिनुभयो। मेलाका लागि सात उपसमिति गठन गरेर तयारी गरिएको छ।

मन्दिर परिसरमा बाबुको सम्मान गर्न भक्तजन आउने भएकैले यो औँशीलाई गोकर्णे औँशीका नामले पनि चिनिन्छ । यस दिन गोकर्णेश्वर यस दिन छोराछोरीले आफ्ना जीवित बाबुलाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाइ आशीर्वाद प्राप्त गरेमा सुख मिल्छ । मृत बाबुका नाममा भने गोकर्णेश्वरलगायत तीर्थस्थलमा गई श्रद्धाभक्तिपूर्वक तर्पण, पिण्डदान र सिदादान गरिन्छ । यस दिन थोरै दान गरेपनि हजारौं गुणा बढी फल पाइने भएकाले पुण्य पर्व भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ ।रासस

# हस्तक्षेप र प्रभावकै कारण सुर्तीमा कर बढेन : प्रतिवेदन

काठमाण्डु । सुर्तीजन्य पदार्थको नियन्त्रणमा उद्योगी व्यवसायीको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हस्तक्षेप तथा प्रभावित पार्ने कार्य जारी नै रहेको पाइएको छ । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालले गरेको अध्ययनमा नेपालमा सुर्ती उद्योगले नीतिगत तहमा नै प्रभाव पारेकै कारण सुर्तीको कर वृद्धि हुन नसकेको उल्लेख गरिएको छ ।

विश्वका ८० मुलुकमा गरेको सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययन प्रतिवेदन मङ्गलबार सार्वजनिक गर्दै विज्ञले सुर्तीले जनताको स्वास्थ्य मात्रै बिगार्ने नभइ समग्र सामाजिक, आर्थिक अवस्था बिगार्ने बताउनुभयो । ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले महानगरपालिकाभित्र सुर्तीजन्य पदार्थ अन्तर्गत 'हुक्का' सेवन पनि प्रतिबन्ध लगाउन लागिएको जानकारी दिनुभयो । उहाँले "सुर्तीजन्य पदार्थ सेवन गर्नुहुँदैन भन्ने कुरा युवा पुस्तामा व्यापक जनचेतना फैलाउनुपर्छ । यसका लागि सामूहिक प्रयत्नको खाँचो पर्छ । "

कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनका डा लोनिम प्रसाईंले सुर्तीजन्य पदार्थ नियन्त्रणमा नेपाल सरकारले उच्च प्राथमिकता दिन सुझाव दिनुभयो । उहाँले भन्नुभयो ,"गरिबले सुर्ती र मदिरामा गर्ने खर्च आम्दानीको ५० प्रतिशतभन्दा बढी रहेको पाइएको र उनीहरूले शिक्षा र स्वास्थ्यलाई भन्दा त्यस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका कारण यसलाई प्रतिबन्ध नै गरिनुपर्दछ ।" धूमपान गर्ने व्यक्तिका कारण धूमपान नगर्ने




व्यक्तिलाई पनि उत्तिकै असर गर्ने गरेका कारण सार्वजनिकस्थलमा धूमपान निषेध गर्न तीनवटै तहका सरकारले समन्वयात्मक रूपमा काम गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा वरिष्ठ जनस्वास्थ्यविद् प्रा डा शरदराज वन्तले सुर्ती स्वास्थ्यसँग मात्र सम्बन्धित नभइकन बहुआयामिक भएकाले यसले समग्र अर्थतन्त्रमा असर पार्ने स्पष्ट पार्नुभो। जनताको स्वास्थ्य र समग्र जीवन नै खराब पार्ने तत्वलाई राज्यको कर उठ्ने तत्वको रूपमा नलिइकन प्रतिबन्धतर्फ जानुपर्ने धारणा उहाँले राख्नुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा दिपेन्द्ररमण सिंहले सुर्तीमा मात्रै नेपाली जनताले बर्सेनि रु एक खर्ब २१ अर्ब खर्च गर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्नुभयो।

नब्बे लाख जनताले सुर्ती सेवन गर्ने गरेको र सुर्ती सेवनकै कारण थप करोडौं रुपैयाँ स्वास्थ्य उपचारमा खर्च हुने गरेको जानकारी दिनुभयो । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालका राष्ट्रिय संयोजक शान्तलाल मुल्मीले सुर्तीजन्य वस्तुको प्रवर्द्धन र उत्पादन बन्देजको नै आवश्यकता भइसकेको अवस्थामा कानुन बमोजिम सुर्तीमुक्त सार्वजनिकस्थल नै घोषणा गर्न नसकेको बताउनुभयो । सुर्तीजन्य पदार्थलाई बन्देज लगाएको खण्डमा नाफाखोर उद्योगीलाई बाहेक राज्य र जनतालाई फाइदा नै हुने उहाँको भनाइ थियो ।

सुर्ती उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययनकर्तासमेत रहेका संयोजक मुल्मीले नेपालको कानुनले र सुर्ती नियन्त्रणसम्बन्धीअन्तर्राष्ट्रियअभिसन्धि (एफसिटिसी) गाइडलाइनले पनि कुनै पनि नाममा सुर्तीको प्रचारप्रसार गर्न नपाइने उल्लेख गरे तापनि सुर्ती उद्यमीले चलाखीपूर्ण तवरले ब्राण्डको प्रचार गर्ने, चुरोट सेवन गर्न उत्प्रेरणा दिने, कानुन कार्यान्वयनमा भाँजो हाल्ने काम निरन्तर रूपमा भइरहेको जानकारी दिनुभयो।

सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययनका अर्का अध्ययनकर्ता पूर्णभक्त दुवालले उद्योगीको प्रभावकै कारणले चुरोट सेवनको नियन्त्रण गर्न प्रहरी प्रशासन फितलो देखिएको पाइएको बताउनुभयो। सुर्ती उद्योगले गैरकानुनी तवरले सामाजिक उत्तरदायित्वको नाममा काम गरी प्रचार गर्ने गरेको, विभिन्न चलचित्रहरूमा कलाकारलाई धूमपान गर्न लगाएको, सुर्ती उद्योगीसँग सरकारी निकायको कुनै पनि बैठकमा बस्न नहुने भए तापनि सरकारी निकायले बेवास्ता गर्दै बैठकहरूमा सरोकारवालाका नाममा बस्न दिइरहेको उल्लेख गर्नुभयो।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल बागमती प्रदेशका संयोजक रत्नश्वरी चवालले सुर्तीको कुनै पनि प्रचारप्रसार र प्रवर्द्धन गर्न नहुने कानुनी व्यवस्था हुँदाहुँदै पनि सुर्ती उद्योगले विभिन्न नाममा प्रायोजनमा बजारीकरण गरिरहेको जनाउँदै स्थानीय र प्रदेश सरकार पनि सुर्ती नियन्त्रणमा सङ्घीय सरकारजस्तै निकम्मा रहेको आरोप लगाउनुभयो।

मधेश प्रदेशका संयोजक पार्थो सरकारले नेपाल र भारत दुवै देशबाट सुर्ती व्यापारलाई क्रमशः कम गर्दै लैजानुपर्ने बताउनुभयो । लुम्बिनी प्रदेश संयोजक पूर्णलाल चुकेले करको नाममा सुर्ती उद्योग खराब होइन भने भ्रम छर्ने काम भइरहेको र विद्युतीय चुरोटले पनि उत्तिकै स्वास्थ्य बिगार्ने तथ्य प्रस्तुत गर्नुभयो । गैरसरकारीसंस्थामहासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले जनताको स्वास्थ्य अधिकारका लागि नागरिक समाजले निरन्तर दबाब दिई नै रहेको तर सरकारले नसुनेको जस्तो गरिरहेका बताउनुभयो।

प्रतिवेदन अनुसार सुर्ती उद्योगले सुर्ती नियन्त्रण ऐन र जनस्वास्थ्य ऐनको बर्खिलाप हुनेगरी सुर्ती उद्योगले विभिन्न विद्यालयलाई आर्थिक सहयोग, दिने, एम्बुलेन्स खरिदलगायतमा सहयोग गरेर सुर्ती उद्योग खराब होइन भने भ्रम छर्ने काम गरेको छ। रासस

# लगानी अभिवृद्धिलाई नै मुख्य लक्ष्य बनाएका छौं : प्रधानमन्त्री

काठमाण्डु । लगानी बोर्डले यसैसातादेखि १२औँ वर्षमा प्रवेश गरेको छ । यसबीच हामीले विश्व तथा नेपाली अर्थतन्त्रमा आएका विभिन्न उतारचढाव र परिवर्तनहरू देखिरहेका छौँ । खासगरी सन् २०२६ मा नेपाल अल्पविकसित मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने, सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नुपर्ने र आफ्नै प्रतिबद्धता बमोजिम सन् २०४५ सम्ममा खुद-कार्बन उत्सर्जन शून्य मुलुक बन्नुपर्ने अवस्थामा कोभिडको वैश्विक महामारी र त्यसलगत्तै युरोपमा देखिएको राजनीतिक अस्थिरताका कारण आर्थिक सुस्तता देखिएको छ । लगानी बोर्ड ऐन, २०६८ मा भएको व्यवस्थाअनुसार लगानीकर्तालाई छिटो छरितो सेवा पुऱ्याई देशभित्र लगानीको वातावरण बनाउने र प्रत्यक्ष विदेशी लगानीसहित निजी लगानी प्रवर्द्धन गरी रूपान्तरणकारी पूर्वाधार विकास तथा उच्च आर्थिक वृद्धिदर हासिल गर्ने उद्देश्यले गठित बोर्डले मुख्यगरी पूर्वाधार निर्माणका क्षेत्रमा सार्वजनिक-निजी साझेदारी अवधारणा (पिपिपी मोडल)को लगानी परिचालन र त्यसको व्यवस्थापनको काम गर्दै आएको छ । स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानी भित्र्याउने र परिचालन गर्ने सहजकर्ताका रूपमा बोर्डले काम गर्दै आएको छ । लगानीका लागि उपयुक्त नीतिको तर्जुमा, लगानीका क्षेत्र पहिचान, लगानी स्वीकृति, परियोजना कार्यान्वयन गरी नेपालमा बढीभन्दा बढी निजी लगानी, त्यसमा पनि विदेशी लगानी प्रवर्द्धन गर्नेतर्फ बोर्ड क्रियाशील देखिन्छ । प्रस्तुत छ, लगानी बोर्डको अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग राष्ट्रिय समाचार समिति (रासस)ले गरेको कुराकानीको सम्पादित अंश :

**प्रश्नः प्रत्यक्ष विदेशी लगानीसहित निजी लगानी प्रवर्द्धनका लागि छिटो छरितो प्रक्रियाबाट लगानीकर्तालाई सेवा दिने गरी स्थापना भएको लगानी बोर्ड १२औं वर्षमा प्रवेश गरिसकेको छ । आजका दिनमा लगानी बोर्डको भूमिका र उपलब्धिलाई कसरी हेरिरहनु भएको छ ?**

जवाफ : नेपालमा रू छ अर्बभन्दा कम रकमको लगानीको स्वीकृतिसम्बन्धी काम उद्योग विभागले गर्दै आइरहेको छ । लगानी बोर्डले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ बमोजिम रू छ अर्बभन्दा माथिका निजी लगानीलाई स्वीकृति प्रदान गर्दछ। साथै दुई सय मेगावाटभन्दा ठूला क्षमताका ऊर्जा परियोजना र रू छ अर्बभन्दा बढी लगानी हुने गैरऊर्जा परियोजना सार्वजनिक-निजी साझेदारी (पिपिपी)को माध्यमबाट विकास र व्यवस्थापन गर्छ । प्रधानमन्त्रीले अध्यक्षता गर्ने भएकाले बोर्डबाट लगानीकर्ताहरूले छिटो-छरितो सेवा प्राप्त गर्न सक्दछन् । यसको सहजीकरणका लागि लगानी बोर्डको कार्यालय स्थापना गरिएको छ । त्यसैले लगानी बोर्डको स्थापना लगानी प्रवर्द्धन र परिचालनका लागि हामीले गरेको संस्थागत सुधारलाई ठूलो फड्को मान्न सकिन्छ । यो छोटो अवधिमा यसले जति परिणाम दिएको छ, त्यसलाई मैले राम्रो उपलब्धि मानेको छु ।

बाह्र वर्षमा बोर्डले नौ अर्ब अमेरिकी डलरभन्दा बढी लगानी हुने गरी ४२ वटा परियोजना स्वीकृत गरेको छ। करिब रू चार सय ६३ अर्बको लगानी त पछिल्लो तीन वर्षमा मात्र स्वीकृत भएको छ। रू तीन सय ५० अर्बका परियोजना निर्माणका विभिन्न चरणमा छन् । करिब चार हजार मेगावाट स्वच्छ उर्जा उत्पादन हुने गरी विभिन्न परियोजनामा सहजीकरण भइरहेको छ । बोर्डको सहजीकरणमा स्थापना भएका सिमेन्ट उद्योगका कारण छोटो अवधिमै नेपाल सिमेन्ट निर्यात गर्ने देशमा रूपान्तरण भएको छ।

**प्रश्नः कोरोना महामारीपछि नेपालजस्ता अल्पविकसित देशमा प्रत्यक्ष विदेशी लगानी घटिरहेको देखिन्छ । नेपालमा बढीभन्दा बढी निजी लगानी, त्यसमा पनि विदेशी लगानी प्रवर्द्धन गर्नुपर्ने अवस्था रहेको अहिलेको सन्दर्भमा बोर्डका कामलाई कसरी विश्लेषण गर्न सकिन्छ ?**

जवाफ : बोर्डले लगानी भित्र्याउन र तिनको व्यवस्थापन गर्न लगानीका सबै चरणमा कुशलतापूर्वक काम गर्दै आएको छ। पछिल्लो समयमा यसलाई थप व्यवस्थित बनाउन बोर्डले छुट्टै रणनीतिक योजना बनाएर अघि बढिरहेको छ। रणनीतिक योजनाले परियोजना व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास, र समन्वय, सहकार्य एवं साझेदारी जस्ता चारवटा रणनीतिक स्तम्भमा काम गर्न निर्देशित गरेको छ । यस सन्दर्भमा बोर्डले पिपिपी मोडेलमा विकास गर्न सकिने लगानीयोग्य परियोजना पहिचान गरी लगानीकर्ता समक्ष प्रस्ताव गर्ने ध्येयले परियोजना बैंकको ढाँचा नै विकास गरेको छ। लगानीकर्तालाई पारदर्शी तथा समयबद्ध सेवा प्रदान गर्न विभिन्न संस्थागत संयन्त्रको विकास गरिएको छ । परियोजना कार्यान्वयनमा आइपर्ने समस्यालाई बोर्डले तत्काल सम्बोधन गर्दै आएको छ । फलतः परियोजनाको पहिचानदेखि निर्माण सम्पन्न गराउनेसम्मका काम प्रभावकारीरूपमा सम्पादन गर्न बोर्डले आफ्नो सामर्थ्य बनाइसकेको छ । त्यसैले लगानीकर्ता बोर्डको सेवाबाट प्रफुल्लित हुँदै थप लगानीको लागि उत्साहित भएको देख्न सक्दछौँ ।

उदाहरणका लागि, डाबर नेपालले यहाँ थप रू १० अर्ब लगानी गर्दैछ । अरुण तेश्रो जलविद्युत परियोजनामा लगानी गरेको कम्पनीले करिब रू ९३ अर्ब लगानी हुने तल्लो अरुण जलविद्युत परियोजना विकासका लागि परियोजना विकास सम्झौता नै गरिसकेको छ। तीन सय २७ मेगावाटको अप्पर मर्स्याङ्दी-२ मा लगानीकर्ताले सहज ढङ्गले काम गरिरहेका छन् । अप्पर त्रिशुली-१ का लगानीकर्ता सन्तुष्ट भएर काम गरिरहेका छन् । छिमेकी राष्ट्रबाहेक मलेसिया, दक्षिण कोरिया, सिङ्गापुर जर्मनी, बेलायत, जापानआदि मुलुकका लगानीकर्ताले समेत बोर्डमार्फत विभिन्न परियोजना अगाडि बढाइरहेका छन् । यसरी हेर्दा नेपाल लगानीको एक मुख्य गन्तव्य हो भन्ने सन्देश प्रवाह गर्न बोर्ड सक्षम देखिएको छ ।

**प्रश्न : लगानी बोर्डमार्फत प्रवर्द्धित परियोजनाले सन्तुलित विकासलाई प्रवर्द्धन गर्न कसरी काम गरिरहेको छ ?**



जवाफ : बोर्डबाट पिपिपी मोडेलमा विकास भइरहेका र विकास गर्न खोजिएका परियोजनाले प्रादेशिक विकासमा ठूलो सहयोग पुऱ्याउने छन् । नौ सय मेगावाट क्षमताको अरुण तेश्रो जलविद्युत् परियोजना र छ सय ७९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् परियोजनाले कोशी प्रदेशमा ठूलो रुपान्तरण ल्याउने छन्। जलाशययुक्त पश्चिम सेती र एसआर सिक्स परियोजना विकासका लागि विकासकर्तासँग समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । करिब एक हजार दुई सय मेगावाट जलविद्युत् उत्पादन हुने यी परियोजना सही ढङ्गले अगाडि बढ्नसके सुदूरपश्चिम प्रदेशको आर्थिक विकासका लागि कोशेढुङ्गा साबित हुनेछन् । वित्तीय व्यवस्थापनका क्रममा रहेको नौ सय मेगावाट क्षमताको अप्पर कर्णाली जलविद्युत परियोजनाले त्यहाँको विकासको मुहार फेर्न सक्दछ । अहिले खप्तड क्षेत्रको एकीकृत पर्यटकीय विकासका लागि गुरु योजनामा काम हुँदैछ । काठमाडौं उपत्यकाको सवारी व्यवस्थापनका लागि बस र्‍यापिड ट्रान्जिट परियोजनाको अवधारणा बन्दैछ । पिपिपी मोडेलमा विकास गर्न सकिने परियोजनाको पाइपलाइन बनाउने क्रममा सातै प्रदेशबाट ठूला रूपान्तरणकारी परियोजनाहरूको पहिचान गरिएको छ।

**प्रश्न : लगानीको वातावरण बनाउन र संस्थागत सुधार गर्न सरकारले गरिरहेका पछिल्ला सुधारबारे बताइदिनु हुन्छ कि ?**

जवाफ : नेपालको संविधानले सम्पत्तिमाथिको अधिकारको ग्यारेन्टी गरेको छ । हाम्रा कानूनहरूले केही संवेदनशीलशील क्षेत्रबाहेक सबै क्षेत्रमा विदेशी लगानी खुला गरिदिएका छन् । भिसा प्रक्रिया सरल छ। वर्तमान सरकार हाल थप सुधारका लागि काम गरिरहेको छ । उदाहरणका लागि, निजी लगानी प्रवर्द्धन गर्न देशको क्रेडिट रेटिङ गर्ने तयारी भइरहेको छ। विदेशी लगानीकर्ताको लगानी सुरक्षाका लागि हेजिङसम्बन्धी व्यवस्था गर्न हेजिङसम्बन्धी निकायको विकास गर्ने, आर्जित मुनाफा फिर्ता लैजाने प्रक्रियालाई सरलीकरण गर्ने, बौद्धिक सम्पत्तिसम्बधी कानून जारी गर्ने, अन्तर्राष्ट्रियस्तरमा सकारात्मक सन्देश प्रवाह हुने गरी केही देशसँग दोहोरो करमुक्ति सम्झौता र द्विपक्षीय ब्यापार तथा लगानी सम्झौता गर्नेतर्फ हामी अगाडि बढिरहेका छौं। पिपिपी मोडेलमा विकास गरिने केही रूपान्तरणकारी परियोजनाले लगानीकर्तालाई तत्काल कम प्रतिफल दिन सक्दछन्। तर देशको दीर्घकालीन विकासका दृष्टिले महत्वपूर्ण हुनसक्ने त्यस्ता परियोजनामा लगानीको अभाव हुन नदिन भायाबिलिटी ग्याप कोषको सञ्चालनको सम्भावनाबारे पनि सरकारले अध्ययन गरिरहेको छ।

प्रक्रियागत सरलीकरणका लागि यसपालीको बजेटमार्फत केही प्रयास थालिएका छन्। व्यवसाय दर्ताका लागि विद्युतीय एकल विन्दु सेवा केन्द्रको व्यवस्था गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन ऐन र जग्गा प्राप्ति ऐनको संशोधन गरेर प्रक्रियालाई सरलीकरण गर्ने, कम्पनी दर्ता गर्न र बन्द गर्न अनलाइनबाट नै हुनेगरी व्यवस्था गर्ने सम्बन्धमा हामी काम गरिरहेका छौं । उद्योग विभागबाट लगानीको स्वीकृति र सहजीकरणको कार्य स्वचालित विधिबाट हुनेगरी व्यवस्था गरिएको छ। अन्ततः यी सुधारले लगानी प्रवर्द्धन र परियोजना विकासमा सघाउ पर्याउने अपेक्षा गर्न सकिन्छ।

**प्रश्न : लगानी बोर्डको अध्यक्ष स्वयं प्रधानमन्त्रीज्यू नै हुनुहुन्छ । यसको थप प्रभावकारिताका लागि यहाँले के-कस्तो सुधार गर्ने सोचिरहनु भएको छ ?**

जवाफ : बोर्डको कामबाट केही ठोस उपलब्धि हासिल भएका छन् । जुन मैले अगाडि नै उल्लेख गरिसकें । तर बदलिँदो परिवेशमा देशको आवश्यकताअनुसार निजी लगानी प्रवर्द्धन गर्न बोर्डको भूमिका अझै बढेको मैले महसुस गरेको छु । त्यसैले बोर्डलाई लगानी प्रवर्द्धन निकाय तथा 'पिपिपी सेन्टर अफ एक्सिलेन्स'का रूपमा स्थापित गर्दै आगामी दिनमा निजी लगानी प्रवर्द्धन तथा पिपिपी परियोजनाको व्यवस्थापनका लागि केही ठोस सुधारको आवश्यकता देखेको छु।

कानूनले सुम्पेको जिम्मेवारी पूरा गर्न आर्थिक एवं प्राविधिक हिसाबले बोर्ड सक्षम हुनु आवश्यक छ । यसै सन्दर्भमा बोर्डको आफ्नै कोष स्थापना गरिसकिएको छ । यसको कार्यविधि बनेपछि परियोजना प्रवर्द्धन, परियोजनाको पूर्वसम्भाव्यता अध्ययन जस्ता काम सम्पादन गर्न बोर्डले आफ्नै स्रोत उपयोग गर्न सक्दछ। लगानी बोर्ड विदेशी लगानीसहित निजी लगानी प्रवर्द्धन तथा परिचालनका लागि आवश्यक सहजीकरण गर्ने विशिष्टीकृत निकाय हो । सले देशभित्र र बाहिर लगानीसम्बन्धी कुटनीतिको माध्यमबाट देशलाई लगानीको आकर्षक गन्तव्यका रूपमा परिचित गराउने काम गर्दै आएको छ । तर बोर्ड तथा बोर्डको कार्यालयलाई नतिजामुखी बनाउन परम्परागत प्रशासनिक प्रक्रियाबाट हुँदैन । त्यसैले स्वायत्त र व्यावसायिक रूपले बोर्डको कार्यालयले काम गरोस भनेर यसको प्रमुख कार्यकारीको नियुक्ति प्रतिस्पर्धाबाट गरिन्छ । अन्य कर्मचारीको व्यवस्था नेपाल सरकारले गरिदिन्छ । तर लगानी प्रवर्द्धन, परियोजना विकासजस्तो नियमित एवं विशिष्टीकृत कार्य र लामो कार्यान्वयन अवधि आवश्यक हुने परियोजनाको सहजीकरणका लागि बोर्डको कार्यालयमा यस प्रकृतिको विशिष्टीकृत ज्ञान र दक्षता भएका कर्मचारीहरूको निरन्तरताका लागि केही न केही सुधार आवश्यक छ।

बोर्डले ठूला लगानी र विदेशी लगानीकर्तासमेत सहभागी हुने ठूला परियोजनाको व्यवस्थापन र सहजीकरण गर्नुपर्ने हुन्छ। परियोजना सहजीकरणका क्रममा लगानी स्वीकृति, वातावरणसम्बन्धी स्वीकृति, कम्पनी दर्ता, विद्युत् जडान, जग्गा प्राप्ति, पहुँच मार्गजस्ता विषयमा सरकारका विविध निकायको स्वीकृति र सहजीकरण उत्तिकै महत्वपूर्ण हुन्छ। त्यसैले लगानी बोर्डले जुन गतिमा काम गर्छ ती निकायको गति, क्षमता र क्रियाशीलता मेल हुन आवश्यक छ । त्यसैले यो विषयलाई कानुनी सुधारमार्फत कसरी सम्बोधन गर्न सकिन्छ भनेर अहिले हामी अध्ययन गरिरहेका छौँ । यी विषयमा हामी चाडैं नै ठोस निष्कर्षमा पुग्नेछौं । राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना विकासका लागि राष्ट्रिय स्रोतमा मात्र भर पर्ने स्थितिबाट निस्कदै पिपिपी मोडेलबाट कार्यान्वयन गर्न सकिने परियोजनाको सम्बन्धमा राष्ट्रिय योजना आयोग, लगानी बोर्ड तथा अन्य सम्बन्धित निकायहरूले गर्नुपर्ने समन्वयका विषयमा १६औँ आवधिक योजनाको अवधारणा पत्रमा समावेश गरिनेछ।

# नगरप्रमुख विरुद्धको उजुरी उपप्रमुखको टेबुलमा

**टुडे समाचारदाता**

राजविराज । आफ्नो निजी जग्गामा जबर्जस्ती सडक बनाउन खोजेको भन्दै एक पीडितले सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुखसहित २४ जना विरुद्ध जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरी सोही नगरपालिकाको न्यायिक समितिमा रेफर गरिएको छ । न्यायिक समितिको संयोजकमा उपप्रमुख रहने व्यवस्था छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ८ का ५० वर्षीय उपेन्द्र प्रसाद साहले नगरप्रमुख रामलखन मुखिया सहित २४ जना विरुद्ध दिएको उजुरीमा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित पालिकाकै न्यायिक समितिमा पठाएपछि बुधवार न्यायिक समितिकी संयोजक समेत रहेकी उपप्रमुख मीरा कुमारी यादवको टेबुलमा उक्त उजुरी आईपुगेको छ ।

उनले आफू समक्ष उजुरी आइपुगेको पुष्टि गर्दै शुक्रवार विधिवत दर्ता हुने र त्यसपछि आवश्यक प्रकृया अघि बढ्ने जानकारी दिएकी छन् । अघिल्लो दिन मंगलवार साहले जिल्ला प्रशासन कार्यालयमा बुझाएको उजुरी पत्रमा सहायक प्रमुख जिल्ला अधिकारी लेवन कस्यप



अधिकारीले सम्बन्धित पालिकाको न्यायिक समितिमा लेखि पठाउने तोक आदेश गरेपछि उजुरी उपप्रमुख यादव समक्ष पुगेको छ ।

जनता समाजवादी (जसपा) सप्तरीको प्रचार प्रसार डेस्क प्रमुख तथा मधेश प्रदेश समितिका सदस्य समेत रहेका पीडित साहले राजनीतिक आस्थाको आधार तथा पुर्वाग्रही ढंगले नगरप्रमुख मुखियाले आफूलाई दुःख दिने नियतले निजी जग्गामा बलजफती सडक बनाउने प्रयास थालेको गुनासो पोखेका छन् ।

नगर प्रमुख मुखियाका साथै वडा ८ का वडाध्यक्ष सीताराम पण्डित, वीरेन्द्र साह, बलदेव साह, सुरेश साह, सुनिल कुमार साह लगायत २४ जना विरुद्ध परेको उजुरीमा जबर्जस्ती निजी जग्गामा निर्माण कार्य सुरु गर्न खोज्नेहरुमाथि कारबाही तथा आफ्नो जिउ धनको सुरक्षा व्यवस्थाको माँग समेत गरिएको छ ।

उजुरीमा आफू र आफ्नो परिवारजनको नाममा रहेको वडा ८ स्थित कित्ता नं. ८६८, १०५५ र किता नं. १५०९ को जग्गा कोशी पम्प नहरको दक्षिणतर्फ एउटै साँध सिमानामा चकलाबन्दी भित्रको जग्गा रहेकोमा कृषि प्रयोजनका लागि उक्त जग्गामा अढाइ मिटर चौडाई र ८५ मिटर लम्बाई भएको गोरेटो बाटो आफ्नै निजी लगानीमा निर्माण गरी प्रयोग गर्दै आएको उल्लेख छ ।

आफ्नो परिवारद्वारा गरिने खेतीपाती र त्यस स्थल सम्म हलो, गोरु, कृषि उपकरण लगायतका वस्तु लैजान आफैले आफ्नै जग्गामा निजी खर्चमा बनाएको गोरेटो बाटोमा अहिले आएर विपक्षी नगर प्रमुख मुखियासहित २४ जनाले जबर्जस्ती सडक फराकिलो बनाउने नाममा तोडफोड सुरु गरेको र प्रतिवाद गर्दा दुर्व्यहार तथा सार्वजनिक मुद्दा लगाइ जेल पठाइ दिने धम्की दिएको पीडित साह परिवारको कथन छ ।

उजुरीमा निजी जग्गामा बनाइएको गोरेटो बाटोलाई सार्वजनिक बाटोमा रुपान्तरण गर्न विपक्षीले माटो तथा ग्राभेल समेत हाल्ने काम सुरु गरेको उल्लेख गर्दै गैर कानुनी ढंगले थालिएको काम रोक्न माग गरिएको छ ।

उजुरी पत्रमा साह परिवारले प्रमाणका रुपमा उक्त जग्गाको जग्गाधनी दर्ता प्रमाण पत्र, नक्शा प्रिन्ट, नागरिकता प्रमाण पत्र लगायतका कागजात समेत पेश गर्दै प्रमाण झुठा ठहरे कानुन बमोजिम सजाय भोग्न तयार रहेको समेत उल्लेख गरेका छन् ।

# सरकारको यस्तै रबैया रह्यो भन्ने टिक्न सक्दैन : खनाल

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा समाजवादी पार्टीका नेता झलनाथ खनालले सरकारको काम कारबाही ठिक नरहेको भन्दै यस्तै गति रहेमा धेरै दिन नटिक्ने बताएका छन् ।



बुधबार जनकपुरधाममा पार्टीको महिला संगठनले आयोजना गरेको तीज विशेष कार्यक्रममा सहभागि हुन आएका खनाल जनकपुरधाम विमानस्थलमा पत्रकारहरुसंग कुराकानी गर्दै मैले सरकार अब ढल्छ भनेको होइन तर यस्तै रबैया रह्यो भन्ने टिक्न नसक्ने बताए ।

उनले संघीयताका धेरै विषयहरुमा समीक्षा आवश्यक रहेको भन्दै संघीयतामा धेरै कारकहरु विकृतियुक्त र जनतालाई मन नपर्ने देखिएकाले त्यसको विषयमा समीक्षा गरी सुधार गर्न आवश्यक रहेको प्रसंग उल्लेख गरे ।

उनले संघीयता २०६२/०६३ को परिवर्तन पछि आएको एउटा प्रयोग भएको चर्चा गर्दै यसलाई ठिक ढंगले प्रयोग गरी आम जनतालाई सेवा सुविधा दिन सके र देशलाई विकासतर्फ तिव्रता प्रदान गर्न सकेमा यो टिक्ने बताए ।

नेता खनालले संघीयतालाई यथास्थितिमा राखी बोझ जस्तो बनायो भने परिवर्तन हुन सक्ने धारणा राख्दै संघीयतालाई सबैले मिलेर सफल बनाउनुपर्ने बिचार राखे ।

समाजवादी मोर्चाका कारण कांग्रेस सशंकित हुनुपर्ने कारण केही पनि नरहेको बताउँदै उनले गठबन्धनलाई मोर्चा भन्दा पनि सरकारबाट जोखिम रहेको बताए । एक प्रसंगमा उनले गौर हत्याकाण्डको सम्पूर्ण मुद्दाहरु खारेज गरिनुपर्छ भन्ने विषयमा समाजवादी मोर्चामा कुनै छलफल नभएको बताए ।

त्यस्तै, कांग्रेस सहमहामन्त्री महेन्द्र यादवमाथि भएको संघातिक आक्रमणको निन्दा गर्दै उक्त घटनाको गम्भीरतापूर्वक छानबिन गरी दोषीमाथि कारबाहीको माग गरे ।

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि अन्तरक्रिया




**टुडे समाचारदाता**

सर्लाही । कबिलासीमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

अ ख्ति या र दुरुपयोग अनुसन्धान आयोग बर्दिबास महोत्तरीको आयोजना तथा कबिलासी नगरपालिकाको सहकार्यमा वडा न-८ अगर्वा स्थित रामजानकी मठमा बुधबार सो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा आयोगका काम, कर्तव्य र अधिकारको साथै सर्लाही जिल्लाबाट अख्तियारमा परेका उजुरीको संख्या, फैसला भएका र फैसला हुन बाँकी रहेका उजुरीहरुको बारेमा जानकारी गराइएको थियो ।

कार्यक्रममा सहभागी भएका स्थानीय कर्मचारी, पालिकाका जनप्रतिनिधि लगायत स्थानीय नागरिकहरुले आ-आफ्नो जिज्ञासा र गुनासाहरु राखेर अख्तियारलाई सुझाव दिएका थिए ।

आयोगको बर्दिबास स्थित कार्यालयका उपसचिव कृष्ण प्रसाद हुमागाईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगरप्रमुख ब्रह्मदेव राय उपप्रमुख पुनम कर्ण लगायतले मधेश प्रदेशका ८ वटै जिल्लाहरु मध्येबाट सबैभन्दा बढी उजुरीहरु यसै पालिकाबाट परेकोले यसलाई सुधार गर्न सबै कर्मचारी र जनप्रतिनिधिहरु एकजुट भएर लाग्नुपर्ने धारणा राखेका थिए । उनीहरुले अबको केही दिनभित्रै समस्यामा सुधार ल्याएर एउटा पनि उजुरी नपर्ने पालिकाको रुपमा स्थापित गर्ने दाबी समेत गरे ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राम नारायण साह,वडा न-९ का वडाअध्यक्ष राम दिनेश रायसहित १० वटै वडाका वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु लगायत स्थानीयबासीको सहभागिता रहेको थियो।

# अमलेखगंजमा भित्री बाटोमा टयाङ्कर पार्किङमा कडाइ

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.२१ अमलेखगंजले सार्वजनिक भित्री बाटोमा टयाङ्कर पार्किङमा कडाइ गरेको छ ।

वडा कार्यालयले एक सूचना जारी गर्दै भित्री बाटोमा सवारी साधन पार्किङमा रोक लगाएको छ । वडा अध्यक्ष सुवास श्रेष्ठको अध्क्षतामा बसेको बैठकले लिएको वडा अध्यक्ष श्रेष्ठले जानकारी दिए । छलफलमा नेपाल चालक टयाङ्कर संघका संदिप गुरुङ ,नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका नर बहादुर गुरुङ ,नेपाल पेट्रोलियम ट्याङ्कर चालक संघका देवराज शाही ,नेपाल ट्राफिक प्रहरीका छेदी दास ,ईलाका प्रहरी कार्यालय अमलेखगंजका श्रवण कुमार अधिकारी लगायतको सहभागिता




सवारी साधन पार्किङले मानवीय क्षति समेत भएको हुँदा नेपाल आयल निगमसँग टयाङ्कर हरुलाई पार्किङको व्यवस्था मिलाइ दिनका लागि पहल गर्ने निर्णय गरेको छ ।

विभिन्न संघसंस्थाका प्रतिनिधिसँगको छलफल र जनगुनासो पछि यस्तो निर्णय रहेको थियो ।

वडा कार्यालयले जारी गरेको सूचनामा घर निर्माण गर्दा सार्वजनिक सडकमा राखिएका निर्माण सामग्रीहरु २४ घण्टा भित्र हटाउन अनुरोध गरिएको छ ।

अमलेखगंजमा पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर भएका घरको सङ्ख्या अधिक रहेको छ ।

# सचिव बिना काम काज प्रभावित

**टुडे समाचारदाता**

रौतहट । कटहरिया नगरपालिका वड़ा नम्बर १ मा विगत १५ दिनदेखि प्रशासनिक काम काज प्रभावित भएको छ ।

नगरपालिकाले वड़ामा अध्यक्ष भूपेन्द्र महतो कोइरीले बताए ।

भदौ १० गते रबाना पत्र दिएका नगर पालिका कार्यालयले अहिलेसम्म अर्को वड़ा सचिव नपठाएका कारण



कार्यरत वड़ा सचिव उमा शंकर महतोलाई सरुवा गरी अर्को वड़ा सचिव नपठाएका कारण वड़ा कार्यालयबाट प्रवाह हुने सेवा प्रभावित भएको छ ।

नगर प्रमुख अजय प्रकाश साहले बिना जानकारी वड़ा सचिवको सरुवा गरेपछि कामकाज गर्न समस्या उत्पन्न भएको वड़ा नम्बर १ का वड़ा सेवाग्रहीको कामकाज प्रभावित भएको उनले बताए ।

वड़ा कार्यालयमा वड़ा सचिव नहुँदा सामाजिक सुरक्षा भत्ता पाउनेहरुको नवीकरण ,बालपोषण भत्ताको नवीकरण , दैनिक रुपमा हुने घर जग्गा बाटो प्रमाणित , चार किल्ला प्रमाणित, कार्यालयबाट प्रवाह हुने विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ताको काम काज प्रभावित भएको वडा अध्यक्ष महतोले बताए ।

उनले केही दिन अघि चार किल्ला प्रमाणित गरिएको विषय लिएर वडा कार्यालयमा तालाबन्दी गराएर नगर प्रमुखले षडयन्त्रपूर्वक वड़ा सचिवको सरुवा गरेको आरोप समेत लगाए ।

अर्को वड़ा सचिव वड़ा कार्यालयमा पठाउन पटक पटक आग्रह गर्दा पनि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले कुनै चासो नदेखाएको गुनासो समेत उनले पोखे ।

निमित प्रमुख प्रशासकीय अधिकृत राम प्रकाश साहले सरुवा गरिएको वडा सचिव उमाशंकर महतोको ठाउँमा अर्को वडा सचिवको रुपमा राम जीवन साहलाई पठाइएको बताए ।

उनले नगरपालिकाले वडा नम्बर १ को वडा कार्यालयको कामकाज गर्न साहलाई जिम्मेवारी दिए पनि वड़ा कार्यालयमा हाजिर नभएको जनाए ।

# राजश्व विभागको छापाप्रति संघको आपत्ति

**टुडे समाचारदाता**

वीरगञ्ज । राजश्व अनुसन्धान विभागले वीरगञ्ज र आसपासका क्षेत्रमा सञ्चालित उद्योग, फर्म र व्यवसायहरूमा गरेको छापामारीप्रति वीरगञ्ज उद्योग वाणिज्य संघले आपत्ति जनाएको छ ।

विभागले यस क्षेत्रमा सञ्चालित झन्डै एक दर्जन व्यावसायिक फर्ममा छापमारी गर्दै आवश्यक कागजात, कम्प्युटरको हार्डडिस्कहरू जफत गरेको थियो ।

संघले एक विज्ञप्ति जारी गर्दै आन्तरिक व्यापार, खस्किँदो औद्योगिक उत्पादन, बढ्दो बेरोजगारी, अपारदर्शी शुल्क, अनुदार भन्सार तथा कर, राजस्वका दर, प्रक्रियागत प्रशासनिक जटिलता र पाइलै पिच्छे नियामक निकायलगायतका कारण पछिल्लो समय निरन्तर संकुचित हुँदै गइरहेको अवस्थामा व्यापार व्यवसायलाई संरक्षण र संवर्द्धन गर्ने ठाउँमा राजस्व अनुसन्धान विभागको टोलीले केही दिनदेखि वीरगञ्ज लगायत पर्सा, बारा क्षेत्रका औद्योगिक एवम् व्यापारिक प्रतिष्ठानहरूमा अनुसन्धानको नाममा गरिरहेको छापामारीले उद्योगी, व्यवसायीहरूलाई त्रसित बनाएको जनाएको छ। वैध व्यापारको प्रोत्साहन र राजस्व चुहावट नियन्त्रणको लागि अनुसन्धान हुनुपर्ने आफ्नो मान्यता रहेको भन्दै अवैध व्यापारको पक्षमा आफूहरू नरहेको संघले स्पष्ट पारेको छ ।

'तर राजस्व अनुसन्धानको नाममा उद्योगी, व्यवसायीहरूलाई त्रसित पार्ने गरी यस क्षेत्रलाई नै लक्षित गरी एक पछि अर्को औद्योगिक एवम् व्यापारिक फर्महरूमा छापामारी कागजातहरू कब्जामा लिई विभागमा सम्पर्क गर्न निर्देशन दिँदै हिँडेका कारण उद्योगी व्यवसायीहरू माझ त्रासको वातावरण निर्माण भएको छ,' विज्ञप्तिमा उल्लेख छ ।

राजस्वमा आएको गिरावटलाई सामयिक व्याख्या गर्दै यसको मूल कारणहरू मध्ये भन्सार मूल्यांकन पद्धति रहेकोले संघले यस्तो अपारदर्शी र अवैज्ञानिक मूल्यांकन पद्धतिलाई परिमार्जन गरी देशमा व्याप्त रहेको मन्दीबाट माथि उकास्न निजी क्षेत्र र राज्यको सहकार्य गर्न जोड दिएको छ ।

राज्यले विभाग मार्फत निजी क्षेत्रलाई लक्षित गरी राजस्व अभिवृद्धिका नाउँमा गरिरहेको छापामारीलाई अविलम्ब बन्द गर्न संघले माग समेत गरेको छ ।

# भारतबाट आयात हुने तरकारी बिना परीक्षण नै बजारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतबाट आयात हुने तरकारी बिना परीक्षण नै नेपाली बजारमा पाइने गरेको छ । सीमावर्ती क्षेत्रमा तरकारी तथा फलफूलको विषादी परीक्षण गर्ने यन्त्र नहुँदा सो अवस्था देखिएको छ ।

धनुषा, महोत्तरी, सर्लाहरी, सिरहा र सप्तरी जिल्लामा भारतबाट आउने तरकारीमा रहेको विषदीको परीक्षण गर्ने ल्याव खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालय महोत्तरीको भिठ्ठामोडमा मात्र रहेको छ । यस्तो अवस्थामा विषादी परीक्षण गराउँदा समय लाग्ने, खर्च बढ्ने भनेर सिरहा, सप्तरी, सर्लाही सहितका अधिकांश तरकारी तथा फलफूल व्यापारीहरुले विषादी परीक्षण नै नगराई अवैध रुपमा ती समानहरु नेपाली बजारसम्म पुर्याउने गरेका छन् ।

कार्यालयका अनुसार महोत्तरी र धनुषाका तुलनामा सिरहा, सप्तरी र सर्लाहीबाट एकदम न्यून मात्रामा विषादी परीक्षणका लागि तरकारी तथा फलफूल आउने गरेको छ ।

त्यसैगरी, नेपाल भारतबीच रहेको खुल्ला सीमा नाकाको फाइदा उठाउँदै तस्करहरुले भारतबाट तस्करी गरी ल्याउने हरियो तरकारीको विषादी परीक्षण बिना नै बजारमा बिक्री गर्ने भएकोले यस्तो तरकारीको सेवनले उपभोक्ताहरुको स्वास्थ्यसँग खेलबाड हुने गरेको छ ।

पाँच जिल्लामध्ये सर्लाही, सिरहा र सप्तरीबाट कहिलेकाँही मात्र तरकारीको विषादी परिक्षण गराउन आउने गरेको भन्दै ल्याव खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालय महोत्तरी भिठ्ठामोडका प्रमुख प्रमोद चन्द्र पौडेलले बताए । खास गरी ती तीन जिल्लामा भारतबाट आउने तरकारीमा विषादी परीक्षण गराउन व्यवसायीहरुलाई टाढा हुने भएकोले बढी तरकारी विषादी परीक्षण बिना नै निकासी हुने गरेको उनले बताए ।

नियमनकारी निकाय गम्भीर नभएपछि उपभोक्ताहरु मन्द विषको सिकार हुदै गएको स्वीकार्दै उपभोक्ता हित संरक्षण मञ्चका एक सदस्यले भने,' सीमा क्षेत्रमा रहेका पालिकाहरु यसप्रति गम्भीर हुनुपर्छ, परीक्षण बिना आउने गरेको यस्ता तरकारीमा के कति मात्रमा विषादी छ ? खाने योग्य छ कि छैन ? यसप्रति राज्य गम्भीर नहुनु दुःखद कुरा हो ।' उनले प्रत्येक जिल्लामा सरकारले विषादी प्रयोगशाला राख्नुपर्ने बताए ।

भारतबाट हरियो तरकारीको रुपमा आलु प्याज, परबल, टमाटर, करैला, काउली, बोरी जस्ता तरकारीहरु आउने गर्छन । जसमा अत्यधिक मात्रामा विषादी हुने गरेको प्रमुख पौडेलले बताए ।

तरकारी तथा फलफूलमा ३५ प्रतिशतसम्म रोकावट दर रहेकोमा त्यस्ता तरकारी खाने योग्य हुन्छ। तर ३५ देखि ४५ प्रतिशतसम्म रोकावट दर छ भने त्यस्ता तरकारीलाई ४८ घण्टासम्म क्वारेन्टाइनमा राख्नुपर्ने छ । क्वारेन्टाईनमा राखेपछि आफै रोकावट दर घटदै जान्छ र पुनः परीक्षण गर्दा रोकावट दर ३५ प्रतिशत सम्म झरेपछि त्यो खाने योग्य हुने प्रमुख पौडलको भनाई थियो ।

आर्थिक वर्ष २०७९/०८० मा भारतबाट भिठ्ठामोड नाका भएर २ करोड ६६ लाख ६९ हजार ५० मूल्य बराबरको ११ लाख २२ हजार ९२४ किलो हरियो तरकारी नेपाल भित्रिएको उनले बताए ।

राजर्षि जनक विश्वविद्यालय

**विश्वविद्यालय क्याम्पस**

रामानन्द चौक, जनकपुरधाम

**शैक्षिक वर्ष २०८०/०८१ को स्नातक तहमा भर्ना कार्यक्रम**

| Programme | No. of Seats | Admission Requirement/Eligibility |
|---|---|---|
| BBA | 30 | +2 Level or Equivalent degree pass in Humanities Stream with Minimum score of second division marks or CGPA 2.0 having grade C in each subject. |
| BCA | 30 | +2 Level or Equivalent degre pass in any stream with Minimum score of second division marks obtained or minimum D+ Grade in each subject. |
| BALLB | 40 | +2 Level or Equivalent degree pass in any stream with Minimum 45 Percent marks obtained or minimum D+ Grade in each subject. |
| B.Sc. CSIT | 20 | Intermediate/PCL in science stream (Physics, Chemistry, Mathematics) passed with second division or with minimum C grade in each subject with CGPA 2.0 |

**आवेदन फाराम वितरण र बुझाउने मिति** : २०८०/०५/१८ देखि २०८०/०६/११ सम्म ।

**विलम्ब शुल्क थप रू. ५०० सहित मिति** : २०८०/०६/१२ देखि २०८०/०६/१८ सम्म ।

**आवेदन फाराम दस्तुर (प्रवेश परिक्षा शुल्क)** : रु. १०००।- विश्वविद्यालय क्याम्पसको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, जनक चौक शाखा, जनकपुरधाममा रहेको विश्वविद्यालय क्याम्पस आय खाता नं. ११२०१०५००३६७१९ (भाउचरमा विद्यार्थी स्वंयमको नाम हुनुपर्ने छ) मा जम्मा गर्नुपर्नेछ ।

**प्रवेश परिक्षा मिति** : २०८० सालको असोज महिनाको अन्तिम साता । प्रवेश परिक्षाको कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

**सम्पर्क नं.** : ९८०७८३१३१९, ९८१४८११०४९, ९८१७६२२२२१

का.वा. क्याम्पस प्रमुख

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८